# चिडिमार जातीको सामाजिक तथा सांस्कृतिक अवस्था
# नेपालगञ्ज नगरपालिका वडा नं-१६
# एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानबिकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत समाजशास्त्र/मानवशास्त्र बिभाग अर्न्तगत समाजशास्त्र बिषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यक्ता पुरा गर्नका लागि

समाजशास्त्र तथा मानवशास्त्र विभाग

वीरेन्द्रनगर बहुमुखि क्याम्पस सुर्खेतमा

प्रस्तुत गरिएको

## शोधपत्र


प्रस्तुतकर्ता :

कविराम तिरुवा

क्याम्पस रोल्नं.-५३/०६१/०६२

परिक्षा रोल्न :-३२५००१८

त्रि.वि.वि दर्ता नं :-२४९३-९४

**त्रिभुवन विश्वविद्यालय**
**बीरेन्द्रनगर बहुमुखी क्याम्पस**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/मानवशास्त्र विभाग**
**बीरेन्द्रनगर, सुर्खेत**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तको आंशिक आवश्यकता पूर्तिका लागि कविराम तिरुवाद्धारा चिडिमार जातिको सामाजिक तथा सास्कृतिक अवस्था बाँके जिल्ला नेपालगंज नगरपालिका वडा नं. १६ को एक समाजशास्त्रीय अध्ययन विषय तयार पारिएको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोत्रपत्रलाई आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.................
**बच्चु कैलाश पाण्डे**
शोध निर्देशक
समाजशास्त्र/मानवशास्त्र
विभाग
बीरेन्द्रनगर बहुमुखी
क्याम्पस
बीरेन्द्रनगर सुर्खेत

## त्रिभुवन विश्वविद्यालय
## बीरेन्द्र नगर बहुमुखी क्याम्पस
## मानविकी तथा सामाजिकशास्त्र संकाय
## समाजशास्त्र/मानवशास्त्र विभाग
## बीरेन्द्रनगर, सुर्खेत

# स्विकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि कविराम तिरुवाद्धारा तयार पारी प्रस्तुत गरेको चिडिमार जातिको सामाजिक तथा सास्कृतिक अवस्था  बाँके जिल्ला नेपालगंज नगरपालिका वडा नं. १६ को एक समाजशास्त्रीय अध्ययन विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोर तहको उपाधि प्राप्तिका लागि उचित ठहरिएकोले स्वीकृती प्रदान गरिएको छ ।

| शोधपत्र मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| सहायक क्याम्पस प्रमुख<br>(श्री अनिल कुमार अनल ) | ............................ |
| विभागीय प्रमुख<br>(श्री कृष्ण बहादुर रेग्मी) | ............................. |
| वाह्य परिक्षक<br>(श्री भिउ सिहं बुढा) | ............................... |

आन्तरिक परिक्षक

..................................

(श्री बच्चु कैलाश पाण्डे )

मिति::- २०६६/०२/१४

# कृतज्ञता ज्ञापन

सर्वप्रथम म शोध प्रस्ताव स्वीकृत गरी प्रस्तुत शोधपत्रमा आफ्नो अमुल्य समय दिई लेखनकार्यमा सु-अवसर प्रदान गर्नुहुने समाजशास्त्र तथा मानवशास्त्र विभाग अर्न्तगत अध्यापनरत सहायक प्रध्यापक **श्री बच्चु कैलाश पाण्डे** प्रति आभारी छु । प्रस्तुत **चिडिमार जातिको सामाजिक तथा सांस्कृतिक अवस्था बाँके जिल्ला नेपालगंज नगरपालिका, बेलासपुर वडा नं. १६** को एक समाजशास्त्रीय अध्ययन विषयक शोधपत्र यस विभागका आदरणीय गुरु एवं सहायक प्रध्यापक श्री बच्चु कैलाश पाण्डे ज्यूको कुशल निर्देशनमा तयार पारिएको हो । अति व्यस्तताका वावजुद पनि समयको प्रवाह नगरी सदभावपुर्ण एवं मित्रवत तवरले प्राप्त भएको अमुल्य निर्देशन र सहयोगि प्रति म सदैव ऋणि र आभारी रहि रहनेछु ।

यस शोधपत्रको तयारीका कममा आवश्यक सरसल्लाह दिदै हौसला दिनु हुने श्रीमान् क्याम्पस प्रमुख श्री केशरसिह  राना ज्यु तथा सहायक क्याम्पस प्रमुख श्री अनिल कुमार अनल ज्यू , विभागिय प्रमुख कृष्ण वहादुर रेग्मी ज्युको साथै वाह्य परिक्षक श्री भिउसिह बुढा ज्यू तथा अन्य विभागिय गुरुहरु प्रति आभार ब्यक्त गर्दछु । साथै शोधप्रत्र तयारी क्रममा आवश्यक सुझाव सल्लाह तथा साहित्य सामाग्रीहरु उपलब्ध गराई सहयोग गर्नहुने सम्पुर्ण मित्रवर्गको साथै विशेषगरी बाँके जिल्ला अर्न्तगत नेपालगंज नगरपालिका वडा नं. १६ चिडिमार टोलमा रहेको बागेश्वरी संचार समितिका श्री रामु चिडिमार र उदय चिडिमार  प्रति सदैव ऋणि सम्झेको छु । साथै यस विभागका अन्य गुरुवर्गहरु तथा कर्मचारीहरुको अमुल्य सहयोगको लागी आभारी छु ।

विभिन्न आर्थिक र व्यवहारिक कठिनाईहरु एवं समस्याहरुसगं जुझ्दै मेरो अध्ययनलाई यो अवस्थामा सहयोग पुऱ्याउनु  हुने पुजनिय माता बसुन्धरा तिरुवा ,श्रीमती राजुकुमारी तिरुवा, भाई भिमराज तिरुवा, र छोरा सुजल तिरुवा, छोरी सुवेक्षा तिरुवा, भाईबुहारी मिना तिरुवा र छोरी कुशुम तिरुवा प्रति सदैव म त्रिणि रहनेछु । साथै कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनुहुने श्री विष्णुप्रसाद शर्मा तथा कृष्ण ब. कुवरलाई धन्यवाद दिन चाहान्छु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सोधिएका प्रश्नहरुको उतर दिएर सहयोग गरिदिनुहुने नेपालगंज नगरपालिका वडा नं. १६, बेलासपुर, चिडिमार टोलका  सम्पुर्ण चिडिमार परिवार र सम्बधित वडाका शिक्षक ,समाजसेवी एवं नगरपालिकाको बारेमा  आवश्यक जानकारी दिएर यो शोधप्रत्रलाई सार्थक वनाइदिनु भएकोमा  आभारी छु ।

**धन्यवाद्**
**कविराम तिरुवा**

# विषय सूचि

## शिर्षक

शिर्षक पृष्ठ

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञाता पत्र

संक्षिप्त शब्द सूचि

शव्दावली

विषय सूचि

तालिका सूचि

| क.सं. शिर्षक | पेज नं. |
|---|---|
| **अध्याय एक** | |
| **परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | २-३ |
| १.३ अनुसन्धानको उद्देश्य | ३ |
| १.४ अनुसन्धानको महत्व र सान्दर्भिकता | ३-४ |
| १.५ अध्ययनको संगठन | ४ |
| १.६ अध्ययनको सिमा | ४-५ |
| १.७ अवधारणाको खाँका | ६ |
| **अध्याय दुई** | |

२.१ सान्दर्भिक साहित्यको पुनरावलोकन ७-१०
२.२ सैद्धान्तिक अवधारणा १०-१२

## अध्याय तिन

३ अध्ययन विधि
३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य १३
३.२ अध्ययनको ढाँचा १३
३.३ तथ्याङ्कको प्रकृति र स्रोत १४
३.४ समग्रता र नमुना छनौट १४
३.५ तथ्याङ्क संकलन बिधिहरु १४

३.५.१ प्राथमिक स्रोत १४-१५
३.५.१.१ अवलोकन १५
३.५.१.२ समुह छलफल १५
३.५.१.३ प्रमुख जानकार व्यक्तिसँगको अन्नवार्ता १५
३.५.२ द्बितिय स्रोत १५

३.६ तथ्याङ्क बिश्लेषण प्रक्रिया १६
३.७ अध्ययनको प्रारुप १६
३.८ अध्ययन क्षेत्र छनौटको औचित्य १६
३.९ अनुसन्धानको प्ररचना १७
३.१० तथ्याङ्को स्रोतहरु १७

३.१०.१ प्राथमिक स्रोतबाट लिइएको तथ्याङ्कहरु १७
३.१०.२ द्बितीय स्रोतबाट लिइएका तथ्याङ्कहरु १७
३.११तथ्याङ्कसंकलन विधि १७
३.११.१ अर्न्तवार्ता १७-१८
३.११.२ अवलोकन विधि १८
३.१२तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण १८
३.१३ तथ्याङ्क संकलनमा आइपरेका कठिनाइ १८-
१९

## अध्याय ४
## तथ्याङ्कको प्रस्तुती र बिश्लेषण

अध्ययन क्षेत्रको परिचय २०

४.१ भौगोलिक अवस्था २०
४.२ बाँके जिल्ला २०-२२
४.३ नेपालगंज नगरपालिका २२
४.४ चिडिमार जातिको परिचय २३-२४
४.५ चिडिमार जातिको नामाकरण २५
४.६ चिडिमार जातिका थर र उपथर २५
४.७.१ स्वभाव प्रकृति २६
४.७.२ शारीरिक बनावट २६
४.७.३ घरको बनावट २६
४.७.४ पेशा २७
४.७.५ भेषभुषा/गहना २७
४.७.६ धर्म २७
४.७.७ खानपिन २८
४.७.८ भाषा २८
४.७.९ पारिवारिक बनावट २८
४.७.१० आर्थिक अवस्था २९
४.७.११ चिडिमार जातिको अन्य जातिसँगको सम्वन्ध २९
४.७.१२ चिडिमार जातिको महिलाको अवस्था ३०

४.७.१३चिडिमारजातिको स्वास्थ्य अवस्था ३०
४.७.१४चिडिमारजातिको सामाजिकि र सांस्कृतिक विशेषताहरु ३१
४.८ चिडिमार जातिका बिभिन्न संस्कारहरु ३१-३७
४.८.१ जन्म संस्कार
४.८.२ बिवाह
४.८.३ मगनी
४.८.४ लगन जुराउने
४.८.५ विवाह
४.८.६ बिवाहको भोलिपल्ट
४.८.७ भागेर गर्ने बिवाह
४.८.८ भाउजू बेहोर्ने बिवाह
४.८.९ बिधवा बिवाह

४.८.१० मूत्यु संस्कार
४.८.११ मुण्डन संस्कार
४.९ चाडपर्व ३७-४१
४.९.१ अमावश्य
४.९.२ भउरी
४.९.३ गुडिया
४.९.४ रक्षावन्धन
४.९.५ कृष्णाअस्टमी
४.९.६ दशै
४.९.७ तिहार
४.९.८ करवाचौथ
४.९.९ खिचडी
४.९.१० होली
४.९.११ कजरी(तिज)
४.९.१२ चैते दशै
४.१० ब्रत ४१-४३
४.१०.१ एकादशी ब्रत
४.१०.२ हनुमान ब्रत
४.१०.३ सोमवारे ब्रत
४.१०.४ बिहिवारे ब्रत
४.१०.५ शुक्रवारे ब्रत
४.१०.६ आइतवारे ब्रत
४.११ चिडिमार जातिमा आएको सामाजिक र सास्कृतिक परिवर्तन ४३-४५
४.११.१ सामाजिक जिवन
४.११.२ बैवाहिक सस्कार
४.११.३ जन्म सस्कार
४.११.४ मूत्यु सस्कार
४.११.५ चाडपर्व मनाउने तरिका

**अध्याय ५**

**सारांश/उपसंहार**

**निष्कर्ष/सुझाव**

५.१ सांरश ४६-५०
५.२ उपसंहार ५०-५१
५.३ निष्कर्ष ५२-५३
५.४ सुझावहरु ५३-५४
रशिष्ट-१ सन्दर्भ सामाग्रीको ग्रन्थ सूचि
परिशिष्ट-२ अध्ययनको क्रममा प्रयोग गरिएका नमुना प्रश्नावली

परिशिष्ट-३ चिडिमार जातिको पेशा झल्काउने फोटोहरु
परिशिष्ट-४ बाँके जिल्लाको नक्सा
परिशिष्ट-५ नेपालगंज नगरपालिकाको नक्सा

# तालिका सूचि


| तालिका विवरण | तालिका नं. | पेज नं. |
|---|---|---|
| १ बेलासपुरका चिडिमार जातिको शैक्षिक अवस्था | १ | २३ |
| २ बेलासपुरमा रहेको चिडिमार जातिको संख्यात्मक विवरण | २ | २४ |
| ३ उमेरगत जनसंख्या विवरण | ३ | २५ |
| ४ चिडिमार जातिको पारिवारिक संरचना | ४ | २८ |
| ५ काम गर्ने चिडिमारहरुको संख्या र भू-स्वामित्व | ५ | २९ |

# शव्दावली

| शव्द | | नेपाली अर्थ |
|---|---|---|
| धोई | - | पखाल्ने काम |
| बरिया | - | मासबाट बनाइने पकौडा |
| महाराज | - | चिडिमार जातिको पुरोहित |
| बतासा | - | भेलपुरी |
| माउर | - | दुलाहले विवाहको दिनमा पहिरने ताज |
| नौनी | - | हजामको श्रीमति |
| राइलोन | - | तोरी र नुन टाउकोमा घुमाएर आगोमा हाल्ने प्रकिया |
| घुग्री | - | चनाको पिठोबाट बनाइने परिकार |
| सेतुवा | - | गहुँको पिठोबाट बनाइने परिकार |
| गुइठा | - | गोवरबाट आगो बाल्नका लागि बनाइने चक्की |
| कण्डा | - | काठ |

# संक्षिप्त शब्द सूचि

| | |
|---|---|
| जि.वि.स. | जिल्ला विकास समिति |
| गा.वि.स. | गाँउ विकास समिति |
| नपा | नगरपालिका |
| वि.सं. | विक्रम सम्वत |
| इ.सं. | इस्वि सम्बत |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| एस.एल.सी. | स्कुल लिभिङ्ग सर्टीफिकेट |
| जि.त.शा. | जिल्ला तथ्याङ्क शाखा |
| युन.डि.पी. | युनाइटेड डिभलेपमन्ट प्रोजेक्ट |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक विविधताले भरिएको देश हो । यहि विविधता नेपाल राष्ट्रको विशिष्ट पहिचान हो । यहाँ बसोबास गर्दै आएका विभिन्न जातजातिहरु मध्ये ५९ समुह जनजातिहरु पर्दछन् (वर्ष २० अंक ११ भाद्र अन्तराष्ट्रिय मंच) ।

संस्कृति र इतिहास यस्ता तत्व हुन् जसले त्यहाँको राष्ट्र समाज र जातिलाई अमर तुल्यादिन्छन । यहाँ रहेको विभिन्न जातजातिहरु आ-आफ्नै संस्कृतिले सिगारिएका छन् । ति विभिन्न जातजातिमध्ये चिडिमार जाति पनि एक हो । चिडियामार जातिको आफ्नै संस्कृति र परम्परा रहेको छ । विभिन्न जातजातिहरु र जनजातिहरुको समष्टि रुप नै नेपाली संस्कृति हो । कुनै विशेष संस्कृति लोप हुनु नेपाली संस्कृति पनि लोप हुनु हो ।

नेपालमा रहने विभिन्न जातजाति तथा जनजातिहरुको संस्कृतिलाई माथि नल्याएसम्म नेपाली भूमि र नेपाली परम्पराको सम्मान गरिएको ठहरिदैन र सामाजिक समानताको कल्पना पनि गर्न सकिदैन । यी जातजातिहरुमा मुख्य गरि ब्रम्माह्ण क्षेत्री बैश्य , शुद्र, र विभिन्न जनजातिहरु आदि हुन् । त्यसैगरि नेपालमा पूर्वमेची देखि पश्चिम महाकाली भित्र हिमाल, पहाड र तराईमा बस्ने जुनसुकै जातजाति पनि नेपालका लागि महत्वपूर्ण जातिहरु हुन् । यहाँ बसोबास गर्ने सम्पूर्ण जातिहरु नेपाल पहिचानका प्रतिकहरु हुन् । नेपाल देशको समग्र पहिचानका लागि यि सबै जातजातिहरुको मौलिकताको संरक्षण हुनपर्दछ ।

यस्तै जातिहरु मध्ये बाँके जिल्लाको नेपालगंज नगरपालिका भित्र बसोबास बसोबास गर्ने चिडिमार जाति पनि एक विशिष्ट पहिचान बोकेको जात हो । यो जाति बाँके जिल्लामा थोरै अल्पसंख्यक रुपमा रहेता पनि नेपालगंज नगरपालिकाको धार्मिक,

सांस्कृतिक परम्परालाई उजागर गर्न यस जातिले एक इट्टा थप्ने काम गरको छ । यो जातिको वास्तविक उद्‌गम स्थल कहाँ हो र कहाँबाट यहाँ बस्न आइपुगे भन्ने थाहा नभए पनि यो जाति बाँके जिल्लाको लोपोन्मुख वा नेपाल राष्ट्र भरिकै लोपोन्मुख जातिको सूचिमा परेको छ । विगतमा चरा मारेरै आफ्नो जिविका चलाउने चिडिमार जाति केही १५/२० वर्ष अगाडि देखि नेपाल सरकारले वातावरणीय संरक्षणको हिसाबले चरा मार्न प्रतिबन्ध लगाइदिएपछि यो जाति अहिले विभिन्न मजदुरी र ज्यालादारी काम गरेर जिविका निर्वाह गरिरहेको छ । यस जातिलाई तराईको उपेक्षित र उत्पीडित जातिमा मधेशी जातिले किटान गरेता पनि यो आफैमा उपेक्षित वर्गमा परेको कुरा स्विकार्दैनन् । यो जाति नेपाल भरिमा बाँके जिल्लामा मात्र बसोबास गरेको देखिन्छ । यी जाति नेपालगंज नगरपालिका वार्ड नं. १६ मा १५९ घरमा संयुक्त परिवार ढाँचामा बसोबास गरिरहेका छन्

## १.२ समस्याको कथन

नेपाल एक वहुजाति वहुभाषिक वहुसास्कृतिक वहुधार्मिक राष्ट्र हो । नेपालको कूल जनसंख्या मध्ये ४२.५ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि बाचिरहेका छन् ( निरौला२०५३) । जसमध्ये नेपाली समाजमा बसोबास गर्दै आएका विभिन्न जातजातिहरु पर्दछन् । जो धेरै भन्दा धेरै आर्थिक रुपमा कमजोर रहेका छन् । यिनै विविध समस्याहरु भोग्नुपरेको जातिहरुमध्ये चिडिमार जाति पनि एक हो । हाम्रो देश नेपालको बाँके जिल्लामा मात्र बसोबास गरिरहेको चिडिमार जातिको बारेमा स्वदेशी तथा विदेशी समाजशास्त्री /मानवशास्त्री तथा विद्धानहरुबाट प्रयाप्त अनुसन्धान भएको पाउन सकिदैन् । देशका विविध क्षेत्रमा हुने क्रियाकलापमा यस्ता अध्ययन अनुसन्धानले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । चिडिमार जाति बाँके जिल्लाको लोपोन्मुख जाति भएको र यस जातिका विभिन्न प्रथा, परम्परा, संस्कार, आर्थिक क्रियाकलाप भएकाले तर अहिलेसम्म यस जातिका बारेमा कुनैपनि खोज अनुसन्धान नगरिएको हुनाले यिनका परम्परा र संस्कारहरु के कस्ता छन् र यो जाति के कस्ता सामाजिक क्रियाकलाप गरि जिवन निर्वाह गरिरहेको छ भनि यो अनुसन्धान गरिएको छ । चिडिमार जातिका विभिन्न किसिमका संस्कारहरु रहेका हुनाले यि संस्कारहरुमा आएका परिवर्तन के-के हुन ? र चिडिमार जातिको जिवन कस्तो छ ? भनेर यो अध्ययनले निम्न प्रश्नहरुको उठान गरेको छ :-

(क) चिडिमार जातिको नेपालगंज वडा नं. १६ मा जम्मा संख्या कति छ ?

(ख) यस जातिका सांस्कृतिक विशेषताहरु के-के हुन ?

(ग) यस जातिको शैक्षिक अवस्था के-कस्तो छ ?

(घ) यस जातिका संस्कार परम्परा के-के हुन ?

(ङ) यस जातिको सामाजिक हैसियत कस्तो छ ?

(च) चिडिमार जातिप्रति अन्य जातिको बुझाई र दृष्टिकोण कस्तो छ ?

## १.३ अनुसन्धानको उद्देश्य

हरेक अनुसन्धानको उद्देश्य रहेको हुन्छ । यस अनुसन्धानको मुख्य उद्देश्य चिडिमार जातिको सामाजिक संस्कारहरुको अध्ययन गर्नु रहेको छ । यो उद्देश्य पुरा गर्नको लागि निम्न विशिष्ट उद्देश्यहरु राखिएका छन् ।

(क) चिडिमार जातिको सामाजिक अवस्था विश्लेषण गर्न ।

(ख) चिडिमार जातिका सामाजिक संस्कारहरुका बारेमा पत्ता लगाउन ।

(ग) अध्ययन क्षेत्रभित्र चिडिमार जातिको जिवनमा आएका परिवर्तनका बारेमा जानकारी लिन ।

(घ) चिडिमार जातिका संस्कारहरुलाई संरक्षण गर्न के-कस्ता कदमहरु चाल्न सकिन्छ उक्त कुराका लागि सुझाव र राय दिन ।

## १.४ अनुसन्धानको महत्व र सान्दर्भिकता

कुनै पनि विषयको सैद्धान्तिक अध्ययनले मात्रै लक्ष्य प्राप्ती हुदैन । सैद्धान्तिक अध्ययनलाई व्यावहारिक रुपमा उतार्नुपर्दछ । अनुसन्धान कार्य सोझै व्यवहारसँग जोडिएको हुनाले प्रयोगात्मक रुपमा  अभ्यास नगरिकन उपलब्धी मानिदैन ।

कुनै पनि जातिमा विभिन्न प्रथा परम्परा र संस्कारको स्थान महत्वपूर्ण हुने भएकोले यस चिडिमार जातिको अध्ययनबाट उक्त जातिमा विभिन्न संस्कार र परम्पराले के-कस्तो प्रभाव परेको छ । उक्त जातिले आफ्ना चलन र संस्कारलाई के-कसरी मनाउदै आएका छन भन्ने कुरा यस अध्ययनबाट प्रष्ट हुनेछ ।  यस खोज र अनुसन्धानले भावि पिढीलाई थप जानकारी लिन अरु बढी अनुसन्धान  अन्वेषण गर्न सजिलो हुनेछ ।

चिडिमार जातिभित्र विभिन्न रोचक र अत्भूत परम्परा लुकेर रहेका हुनाले यस अध्ययनबाट सांस्कृतिविद र समाजशास्त्रीलाई यो जातिका बारेमा जानकारी लिन सजिलो हुनेछ । यस अध्ययनबाट मूलत निम्न फाइदाहरु हुनेछनः-

(क) यस अध्ययनबाट चिडिमार जातिको जिवनशैलीका बारेमा जान्न बुझ्न प्रशस्त सूचना संकलन गर्न सकिनेछ ।

(ख) यस अध्ययनबाट चिडिमार जातिको सामाजिक आर्थिक क्रियाकलाप र विशेषताहरुका बारेमा जानकारी लिन सजिलो हुनेछ ।

(ग) चिडिमार जाति नेपालको लोपोन्मुख जाति भएकाले यस अध्ययनले अनुसन्धानकर्ता, विद्यार्थी र सरकारी निति निर्माताहरुलाई, यस जातिका बारेमा निति बनाउन र अध्ययन गर्न सजिलो हुनेछ ।

## १.५ अध्ययनको संगठन


यस नेपालगंज नगरपालिका वडा नं. १६ मा चिडिमार सम्बन्धि गरिएको सामाजिक तथा सास्कृतिक अध्ययनलाई वा शोधपत्रलाई पाँच भागमा वर्गीकरण गरिएको छ । यस अर्न्तगत अध्याय १ मा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको महत्व र सार्न्दभिकता र अध्ययनको संगठनको आवरणिय ढाँचा र चिडिमार जातिको सामान्य झलकको बारेमा चर्चा गरिएको छ । त्यसैगरि अध्याय २ अर्न्तगत सान्दर्भिक साहित्यको पुनरावलोकन, अध्याय ३ अनुसन्धान विधि, अध्ययन क्षेत्रको छनौटको औचित्य तथ्याङ्कको प्रकृति र स्रोत समग्रता र नमुना छनौट । तथ्याङ्क संकलन विधिहरु अर्न्तगत समुह छलफल, प्रमुख जानकार व्यक्तिहरुसँगको अर्न्तवार्ता, द्धितीय स्रोत तथ्याङ्क विश्लेषण प्रक्रिया अध्ययनको सिमा समावेश गरिएको छ । अध्याय ४ मा तथ्याङ्कको र प्रस्तुती र विश्लेषण बारेमा व्याख्या गरिएको छ र अध्याय ५ मा साराश, उपसंहार, निष्कर्ष र सुझावको बारेमा व्याख्या गरिएको छ ।

## १.६ अध्ययनको सिमा

कुनै जातिको संस्कृति आर्थिक अवस्थाको बारेमा, अनुसन्धान गर्ने लामो समयको आवश्यकता पर्दछ । प्रत्येक अनुसन्धानलाई सिमाबद्व गर्नुपर्ने हुन्छ । अनुसन्धान भनेको

एउटा निश्चित अवस्थामा गरिएको कार्य हो । खासगरी यस शोधमा स्नाकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने उद्देश्यले लेख्न थालिएको हुदा बाँके जिल्लाको धेरै ठाँउमा छरिएर बसेका सम्पुर्ण चिडिमारहरुको अध्ययन गर्न धेरै समय र बजेट आबश्यक पर्ने भएकाले म एउटा बिद्यार्थी भएको हैसियतले यसलाई ठुलो क्षेत्र लिन असम्भव ठानेको छु । त्यसैले  मेरो अध्ययनको सिमालाई सिमित पारेको छु । अध्ययन क्षेत्रको रुपमा नेपालगंज नगरपालिका वडा नं.१६ बेलासपुरलाई केँन्द्रित बनाई अध्ययन गरिएको छ । त्यसैगरी चिडिमार जातिको संस्कार, आर्थिक अवस्था, सांस्कृतिक अवस्थाको छोटो चर्चा गर्न जोड दिइ शोधकार्य गरिएको छ । यस अध्ययनले चिडिमार जातिको बृहत अध्ययनलाई छुन सकेको छैन । यस अध्ययनले सुक्ष्म अध्ययनलाई मात्र उजागर गरेको छ ।

## १.७ अवधारणाको खाँका


चिडिमार जातिको परिचय
वेलासपुर टोल
चिडिमार जातिका सस्कारहरु
जन्म सस्कार
मृत्यू सस्कार
विवाह सस्कार
मुण्डन सस्कार
बुत
चाडपर्व
कार्यकारण सम्वन्ध

# अध्याय दुई

## २ सान्र्दभिक साहित्यको पुनरावलोकन

नेपालको पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म विभिन्न जातजातिहरुको बसोबास रहेको छ । यि क्षेत्रमा बसोबास गर्ने जातजाति, भाषा, धर्म, रितिरिवाज फरक-फरक छ । यि जाजातिहरुको सांस्कृतिक, सामाजिक, आर्थिक अवस्थाको अध्ययन त्यति पुरानो छैन । वि.सं. २००७ सालमा राणाशासनको अन्त्य भएपछि नेपालमा समाजशास्त्रीय, मानवशास्त्रीय अध्ययनको सुरुवात भएको पाइन्छ । यसै क्रममा मैले अनुसन्धान गर्न लागेको विषयसँग मिल्दो साहित्यिक कृति नभएता पनि मेरो विषयसँग सैद्धान्तिक तरिकाले मिल्ने साहित्यिक सन्दर्भलाई तल प्रस्तुत गरिएको छ ।  नेपालमा सबभन्दा पहिले डोर्फ( १९३४) ले शेर्पा समुदायको विभिन्न धर्म, संस्कृति र संस्कारको बारेमा अध्ययन गरेका थिए । यसमा उनले शेर्पा जातिको विभिन्न संस्कार, परम्परा र सामाजिक विशेषतालाई प्रष्ट पार्ने काम गरेका छन् ।

नेपाली(१९६५) ले मा पाँगामा बसोबास गर्ने नेवारहरुको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षका बारे अध्ययन गरेका थिए । यस पुस्तकमा नेपालीले नेवार जातिको धर्म, संस्कार, गुठी परम्परा जन्मसंस्कार, मृत्युसंस्कार, विवाहसंस्कारका बारेमा  झल्काउने काम गरेका छन् । यसमा उनले नेवार जातिको भाषा, लिपि, साहित्य उत्पतिका बारेमा पनि स्पष्ट पारेका छन् । साथै नेपालीले पारिवारिक संरचना, जातिय संरचना, आर्थिक जिवनका बारेमा उल्लेख गरेका छन् ।

वराल मगर (२०५०) ले स्याङजा, पाल्पा र तनहुका मगरहरुको संस्कृति पुस्तकका उनले नेपालमा पूर्व देखि पश्चिमसम्म बसोबास गर्ने मगरजातिका बारेमा व्याख्या गरेका छन् । उनले मगर शब्दको उत्पति सम्बन्धमा सान्दर्भिक अर्थ लगाएका छन । मगरहरुको भाषा, भेषभूषा, पेशा र यिनको लोकसस्कृतिका बारेमा यिनले यस पुस्तकमा प्रष्ट पारेका छन । त्यसैगरि यस पुस्तकमा उनले मगरजातिका विभिन्न चाडपर्व संस्कारका सांस्कृतिक विशेषतालाई झल्काउने र व्याख्या गर्ने काम गरेका छन् ।

रेग्मी (१९९२) ले धिमाल जातिका बारेमा अध्ययन गरि यिनले धिमाल जातिका विभिन्न सामाजिक र सांस्कृतिक पक्षका बारेमा व्याख्या गर्ने काम गरेका छन । उनले यस पुस्तकमा धिमाल जातिका आर्थिक संगठन, सामाजिक संरचना, धर्म चाडपर्व, ग्रामिण शासन व्यवस्था, धिमाल जातिका विभिन्न संस्कारहरु र धिमाल जातिका जिवन शैलिमा आएको परिवर्तनका बारेमा व्याख्या गरेका छन् ।

बिष्ट (२०३०) ले आफ्नो  पुस्तक सबै जातको फुलवारीमा २२ वटा जाति जनजातिका बारेमा सामान्य परिचय झल्किने गरी वर्णन गरेका छन् । उनले यस पुस्तकमा नेवार ,बाहुन, क्षेत्री, राउटे, मगर, किरात, लिम्बु, किरातराई तराईका राजपुत, तामाङ, सुनुवार, जिरेल, खसगुरुङ्ग, चेपाङ्ग, थारु राजवंशी, धिमाल, वोडो, सतार मूसलमान, हिमाली र राउटे जाति-जनजातिका बारेमा बिभिन्न बिशेषतालाई सामान्य तरिकाले वर्णन गरेका छन् ।

अटनर (१९७८) ले आफ्नो  पुस्तक Sherpa Trough Their Ritual मा शेर्पा जातिको बिभिन्न पक्षहरु जस्तो आर्थिक प्रणाली, सामाजिक संगठन, धर्म बिवाह, अतिथि संस्कार, बिभिन्न  सांस्कृतिक र सांस्कारिक व्यवस्थाका बारेमा छलफल गरेका छन् । जनजातिय दृष्टिकोणबाट तयार गरिएको यस पुस्तकबाट शेर्पा जातिका बारेमा प्रशस्त व्याख्या गरेको पाइन्छ ।

होमवर्ग (१९८९) ले आफ्नो  पुस्तक Order in paradox: Myth,Ritual and exchange among Nepal's Tamang मा तामाङ जातिको संस्कार, रीति, बिनिमयलाई आधारित मानि लेखिएको छ विभिन्न आठ अध्यायमा समावेश भएको यस पुस्तकमा तामाङ जातिका संस्कार, रिति आर्थिक प्रणाली र उनीहरुको जिवनशैलीलाई उजागर गरिएको छ ।

मार्च (१९८३) ले आफ्नो  पुस्तक Weaving writing and Gender मा तामाङ जातिको बारेमा अध्यन गरि जसमा धार्मिक तथा सांस्कृतिक संरचनामा बुन्ने र लेख्ने

कार्यले महत्वपुर्ण भूमिका खेलेको हुन्छ भन्ने कुरा प्रस्तुत गरेकी छिन । यस पुस्तकमा उनले जनजातिय अध्यनलाई आफ्नो अध्यन विधि बनाएकी छिन् ।

मोनलर (१९८१) ले यस लेखमा लेखकले गुजारा अर्थतन्त्र र त्यस अर्थतन्त्रभित्र बाधक तत्व र यस लेखमा लेखकले खासगरि खाम मगरहरुको जनजातिगत अध्ययन गर्दै उनीहरुको भाषा संस्कृति, पशुपालन कृषि उत्पादन र व्यवस्थाको सम्बन्धमा चर्चा छ । यि मगरहरुको आफ्नै भाषा छ । यि मगरहरुलाई मख्य चार समुदायमा धवाङ, मैकोट , टाका बिचको सामाजिक सांस्कृतिक अबस्था बारे तुलनात्मक अध्ययन गरिएको छ ।

खत्री(२०५०वि.सं.) का अनुसार प्राचिन कालदेखी वर्तमान कालसम्मको नेपाली समाज र संस्कृतीको संक्षिप्त झलक नामक पुस्तकले आर्य –हिन्दु जातिको उत्पत्ति र विकासका साथै वर्णाश्रम धर्मको शिलशिला बृद्धि विकासवारे चर्चा गरिएको छ । यस पुस्तकले आर्य– हिन्दु जातिको उत्पती उनीहरुको विकास तथा उनीहरुको जीवनशैली, परम्परा, संसकारका बारेमा पनि प्रस्ट्याउन खोजेको छ ।

**होइमेन्डक** (१९६४ इ.सं.)ले शेर्पाको बारेमा The Sherpas Of Nepal Buddhist Higher Land मा उनले शेर्पा जातिका विभिन्न सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक पक्षका बारेमा व्याख्या गरेका छन् ।

**जे.टी. हिटचोक** (१७६६) ले Magars Of Banyan Hill मा बस्ने मगर जातिका बारेमा उनीहरुका जनजिवनका विभिन्न पक्षलाई व्याख्या गरेका छन् ।

**पिगनेड**(१९७२) ले The Gurung मा गुरुङ्ग जातिको बारेमा व्याख्या गरेका छन । उनले यसमा गुरुङ्ग सामाजिक र सांस्कृतिक जिवनका बारेमा व्याख्या गरेका छन ।

**एम. ग्यावरिल** (१९७२) ले मुसलमानहरुको बारेमा अध्ययन गरेको पाइन्छ । उनले यसमा मुसलमान जातिको सामाजिक र आर्थिक जिवनका विभिन्न पक्षका बारेमा अध्ययन गरेको पाइन्छ ।

**Gautam and Thapa** (1994) ले Tribal Ethonography मा नेपाल विभिन्न दलित जातिहरु गाइने, सार्कि, मुसहर, डोम, वादी जातिहरुको व्याख्या भएको पाइन्छ ।

**P. Caplan** (१९७२) ले पश्चिम नेपालको हिन्दु समाजमा रहेको Priest (ब्राहमण) र Cobblers (सार्कि) को बिचको अन्तरसम्बन्ध र Tendency पद्धतीको वास्तविकतालाई उल्लेख गरेका छन । Caplan ले सामाजिक जिवनमा द्धन्दको माध्यमबाट परिवर्तनको प्रक्रियालाई जोड दिएका छन ।

**शर्मा** (वि.सं. २०४२) ले नेपालमा बसोबास गर्ने सम्पूर्ण मानिसलाई हिन्दु वर्णाश्रम व्यवस्था अनुसार चार जात छत्तिसवर्णमा विभाजन गरेको कुरा व्याख्या गरेका छन ।

मानव अधिकार वर्ष (१९९३) ले विभिन्न दलित जातिहरु जस्तो विश्वकर्मा, सार्कि, दमाइ, गाइने, धोवी, कुमाल, च्यामे, पोडे र तिनीहरुको ऐतिहासिक पृष्ठभूमिसँग जोडेर अन्वेषणात्मक टिप्पणी दिइएको छ । यसले तिनीहरुको बसोबास क्षेत्रको ज्ञान समेत प्रदान गर्छ ।

**विष्ट** (१९६७) ले विभिन्न जातजातिका मानिसहरु र हिन्दुकरण प्रक्रियाको बारेमा आधारभूत जानकारी दिएका छन । हिन्दुकरण प्रक्रियामा विभिन्न जातजाति जस्तै थकाली, तमाङ, मगर, शेर्पा, राई, लिम्बु आदि लाई जोड दिइएका छन ।

**L. Caplan** (1970) ले हिन्दुहरुको Land Holding Pattern र सरकारको भूमि सूधार नितिमा भएको परिवर्तनलाई ऐतिहासिक परिपेक्षमा  चित्रण गरिएको छ । तिनीहरुमा भएको सामाजिक, सांस्कृतिक परिवर्तन जुन हिन्दुकरण प्रक्रिया अर्न्तगत हिन्दु मान्यतालाई स्वीकार गरिएको बारेमा समावेश गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

प्रकार्यात्मक अवधारणा (Functionalist Perspective) बाट हेर्दा सामाजिक संरचनाको मूल आधार नै सामाजिक सम्बन्ध हो । समाजभित्र रहेका विविध पक्षहरुको आवसी सम्बन्धले मात्र समाजको अस्तित्व सम्भव छ । समाजमा शान्ति र सुव्यवस्था कायम गर्न यिनै विभिन्न तत्वहरुको समन्वयको आवश्यकता पर्दछ । समाजले आफ्नो लक्ष्य पाप्तिका लागी एकाइहरुबीच प्रकार्यात्मक सम्बन्ध हुनुपर्दछ । यदि यि पक्षहरुबीच एउटा पक्षमा गडवडी आउँदा सिंगो सामाजिक संरचनामा विचलन आउन

सक्दछ । प्रकार्यात्मक अवधारणाको सैद्धान्तिक पक्षमा रही व्याख्या विश्लेषण गर्ने समाजशास्त्रीहरुमा Emile Durkheim, Radecliffe Brown ,Malinowski Talcott Parsons, R. K . Merton आदि मुख्य हुन् । समाज विभिन्न पक्षहरुको सञ्जाल भएकोले समाज सञ्चालनार्थ यी सम्पूर्ण एकाइहरुको बीच आपसी अन्तर्सम्बन्ध , अन्तर्निभर र अन्तक्रिया अनिवार्य हुन्छ । उदाहरणको लागि घडीको सिंगो संरचनाको लागि विभिन्न पूर्जाहरुको आपसी सम्बन्ध र कार्यले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । घडीको कुनै पूर्जामा गडवडी भयो भने घडीको संरचना र कार्यमा समेत प्रभाव पर्दछ । यस अवधारणामा केही फरक मत राख्ने R. K. Merton ले समाजका विविध एकाइहरुको संयोजनले समाज सञ्चालनमा निरन्तरता दिए पनि कुनै एक तत्वमा भएको खराबीले सिंगो समाजको संरचना र प्रकार्यमा बाधा पुग्दैन । त्यसको लागी वैकल्पिक उपाय अपनाई निरन्तरता दिन सकिन्छ भनेका छन् ।

समाजभित्रका विभिन्न पक्षहरुमध्ये विवाह पनि एक महत्तपूर्ण सामाजिक संस्था हो ।समाजमा विवाह प्रथा नरहको अवस्थामा समाज जंगली अवस्थामा रुपान्तरण हुन गई सामाजिक अस्तव्यस्तताको सृजना भएर समाज सभ्य अवस्थामा पुग्न असम्भव हुन्छ । समाजको लागी विवाह संस्था आवश्यक पक्ष हो । यही पृष्ठभूमिमा सामाजिक एकाइका रुपमा रहेका मूल्य , मान्यता र अन्तरसम्बन्धमा परिवर्तन आउँदा लोग्ने–स्वास्नीबीचको वैवाहिक सम्बन्ध तोडिन्छ र अन्य पक्ष परिवार, छिमेक र समाजमा विभिन्न खाले प्रभाव देखापर्दछ, जसको फलस्वरुप लोग्ने–स्वास्नीबीचको सम्बन्ध टुट्नु, तिनिहरुको बालबच्चाको पालनपोषण, शिक्षा आदिमा आइपर्ने समस्याहरु, नाता सम्बन्धमा नकरात्मक असर, परिवार र छिमेकमा सामाजिक र आर्थािक समस्याहरु सिर्जना हुन्छन् ।

अतः जुन समाजमा लोग्ने–स्वास्नीबीचको प्रकार्यात्मक सम्बन्ध जति नै बढी हुन्छ त्यति नै कम सम्बन्ध विच्छेदको स्थिति आउँछ । जति लोग्ने–स्वास्नीबीचका बीचमा प्रकार्यात्मक सम्बन्ध घटी हुन्छ त्यति सामाजिक मुल्य तथा मान्याताको औपचारिकता कमजोर स्थिति देखिन्छ । यस अवधारणा अनुसार विवाहले सामाजिक एकता र सम्बन्ध कायम राख्न मदत गर्दछ । परम्परा अविश्वास, असहयोग र द्वन्द्वको कारणले सम्बन्ध विच्छेद हुन्छ । पछि पारिवारीक र सामाजिक सन्तुलन कायम हुन्छ ।

पारिवारिक विमेल र सहयोग आफैमा सामाजिक सन्तुलन कायम गराउने माध्यम बन्दछ । हिन्दु दर्शनमा विवाहलाई सामाजिक संस्कारका रुपमा लिइएकाले यसको सामाजिक मूल्य बढी मानिन्छ र सम्बन्ध विच्छेद कम हुन्छ । पश्चिमी मुलुकमा विवाहलाई एक सामान्य सम्झौताका रुपमा लिँदा यसको सामाजिक मूल्य कम हुन गई सम्बन्ध विच्छेद बढी भएका उदाहरणहरु पाइन्छन् ।

# अध्याय तिन

## ३ अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य

नेपालको अधिराज्यमा चिडिमार जाति केवल बाँके जिल्लाको नेपालगंज नगरपालिका वडा नं. १६, इन्द्रपुर गा.बि.स को करमोहना र शमशेरगञ्ज गा.वि.स.को हवल्दारपुर र प्रेमपुरुवा गाँउमा छरिएर बसेका छन् । यिनीहरुको आफ्नै मौलिक संस्कृति छ । साथै उनीहरुको आफ्नै रितिरिवाज ,बिवाहसंस्कार, दाहसंस्कार, चाडपर्व पूजाआजा आदि छन । तर यी सबैको बिस्तारै बिस्तारै लोप हुदै गएको हुनाले चिडिमार जातिको मात्र नभएर देशको सम्पति नै गुम्न गइरहेको अवस्था छ । चिडिमार जाति बाँके जिल्लामा धेरै वर्ष अगाडीबाट बसोबास गर्दै आइरहेका छन् । तर यस शोधपत्रको अध्ययन क्षेत्र नेपालगंज नगरपालिकाको वडा नं. १६ लाई मात्र लिएको छ । यस शोधपत्रमा वडा नं. १६ बेलासपुर चोकलाई अध्ययन क्षेत्र छनौट गर्नु पछाडी निम्न कारणहरु रहेका छन् :

१) यस बेलासपुर वडा नं. १६ मा धेरै चिडिमार बसोबास गरेका हुनाले ।

२) यो अध्ययन क्षेत्र शोधकर्ताको जानकारीको क्षेत्र भएकाले ।

३) चिडिमार जातिको बिभिन्न परम्परा संस्कार र चाडपर्वका बारेमा प्रकाश पार्न जरुरी भएकाले ।

### ३.२ अध्ययनको ढाँचा

यस शोधकर्ताको लागी वर्णात्मक अध्ययन बिधिबाट चिडिमार जातिको सामाजिक, आर्थिक अवस्था र सांस्कृतिक अवस्थाको वर्णन गरिएको छ । व्याख्यात्मक बिधिबाट चिडिमार जातिको बिभिन्न संस्कार चाडपर्वका बारेमा वर्णन गर्ने प्रयत्न गरिएको छ । चिडिमार जातिले अपनाउदै आएका संस्कार र चाडपर्व व्रतलाई अन्वेषाणत्मक शैलीमा व्याख्या गर्ने प्रयास गरिएको छ ।

## ३.३ तथ्याङ्को प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितिय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तवार्ता, अवलोकन, प्रमुख जानकार व्यक्तिसँग अन्तवार्ता, समूह छलफल आदिको अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क, समूह छलफल आदिको अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क संकलन गरिएको छ । द्वितिय स्रोत अन्तरगत नगरपालिका कार्यालयबाट प्राप्त अभिलेख वडा नं. १६ मा रहेको बागेश्वरी प्राथमिक बिद्यालयबाट लिइएको तथ्याङ्क जि.वि.स. को प्राप्त अभिलेखलाई लिइएको छ ।

## ३.४ समग्रता र नमुना छनौट

नेपालगंज नगरपालिका वडा नं. १६ मा जम्मा घरधुरी १५९ रहेको छ । ति मध्ये ३० घरलाई सम्भावित नमुना छनौट बिधिबाट नमुना छनौट गरिएको छ । नमुना छनौट गर्दा चिठ्ठा बिधि अपनाइएको छ ।

## ३.५ तथ्याङ्क संकलन बिधिहरु

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयं आफैले स्थलगत अध्ययन गरी निम्न बिधिहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तरगत अर्न्तवार्ता अवलोकन समूह छलफल प्रमुख जानकार व्यक्तिसँगको अन्तरवार्ता बिधिलाई अपनाइएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

अनुसन्धान एवं शोधकार्यको लागि प्राथमिक तथ्याङ्क संकलनको लागि यो एउटा महत्वपुर्ण बिधि मानिन्छ । यस अर्न्तगत आफैले तयार पारेको प्रश्नावलिको आधारमा चिडिमार जातिको सामाजिक ,आर्थिक, सांस्कृतिक, संस्कार ,पारिवारिक बनौट, पेशा वा व्यवसाय सम्बन्धि बढी तथ्याङ्क संकलन गर्न सकिने बुझिने र सरल र स्पष्ट भाषामा प्रश्नावली तयार गरि यस प्रश्नावलीबाट चिडिमार जातिको बिभिन्न संस्कार, आर्थिक, सामाजिक, पेशा, व्यवसाय सम्बन्धि जानकारी सकंलन

गरिएको छ । अर्न्तवार्ता लिदा घरका घरमुली, बुढापाका, राजनितिज्ञ आदि व्यक्तिहरुलाई प्रयोग गरीएको छ ।

#### ३.५.१.१ अवलोकन

अवलोकन बिधिबाट अनुसन्धानकर्ताले आफुले देखेको तथा अनुभव गरेको तथ्यहरु संकलन गरिने हुदा सो तथ्याङ्कहरुको गुणात्मक र बढी औचित्यपुर्ण हुने बिश्वास गरिएको छ । प्रत्यक्ष अबलोकनबाट सूचनादाताले दिन नचाहेको तथ्याङ्कहरु संकलन गर्न सकिन्छ । यस शोधप्रत्रमा अवलोकन बिधिद्वारा चिडिमार जातिको पारिवारिक ढाँचा, उनीहरुले प्रयोग गर्ने गहना भेषभूषा अतिथि संस्कार जस्ता कुराको अवलोकन गरिएको छ ।

#### ३.५.१.२ समुह छलफल

अध्ययन क्षेत्रको महिला पुरुषको ३ वटा समूह बनाई सामुहिक छलफल गरिने छ । एक समूहमा ३ जना पुरुष २ महिला सहभागि रहेका छन् । समूहमा सहभागि हुने महिला पुरुषहरु बिभिन्न संस्कार सम्बन्धि जस्तै बिवाह जन्म संस्कार आदि सम्बन्धि अनुभव प्राप्त व्यक्तिलाई समाबेश गरिएको छ ।

#### ३.५.१.३ प्रमुख जानकार व्यक्तिसँगको अन्नवार्ता

चिडिमार जातिको सामाजिक, आर्थिक, सांस्कृतिक र बिभिन्न संस्कार सम्बन्धि अनुभवी व्यक्ति शिक्षक ,बुढाव्यक्तिहरुलाई मूख्य सूचनादाताको रुपमा लिएर तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ द्बितिय स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका साथै द्बितिय स्रोतबाट पनि तथ्याङ्क संकलन गरिएको छ । चिडिमार जाति सम्बन्धि जानकारी, जनसंख्या, शैक्षिक तथ्याङ्क, नेपालगंज नगरपालिका, जिल्ला विकास समिति र बागेश्वरी संचार समितिबाट प्राप्त तथ्याङ्कलाई द्बितिय स्रोतको रुपमा लिइएको छ ।

### ३.६ तथ्याङ्क बिश्लेषण प्रक्रिया

यस शोधप्रत्रलाई व्यवस्थित बनाउन आवश्यक परेको ठाँउमा सांख्यीक बिधिलाई प्रयोग गरिएको छ । मुख्यतया बिभिन्न तालिकाहरुको तथ्याङ्कहरुको स्रोत, शोधकर्ताले स्थलगत सर्बेक्षणमा सोधिएका अर्न्तवार्तामा आधारित छन् । तथ्याङ्क संकलन कार्य सकिएपछि परिणात्मक बिधिलाई बढी सावधानी र श्रम लगाई सूचिकरण गरी वर्गिकरण गर्ने कार्य गरिएको छ । गुणात्मक प्रकारको सूचनालाई आवश्यकता अनुसार व्याख्या र वर्णन गरी तथ्यपरक बोधगम्य बनाउन त्यसलाई बिश्लेषण र बिस्तार गरिएको छ ।

### ३.७ अध्ययनको पारुप

अध्ययनका लागि आवश्यक पर्ने प्रविधिका बारेमा छलफल र विचार गरि उपयुक्त र प्रभावकारी अध्ययन प्रविधिको छनौट होस भन्ने उद्देश्यले अध्ययनको विषय बस्तु र प्रकृति अनुसार नेपालगंज नगरपालिका वडा नं. १६ अर्न्तगत बसोबास गर्दै आएका चिडिमारहरुको अध्ययनमा विवरणात्मक एवं अन्वेषणात्मक दुवै किसिमका अध्ययन विधिको प्रयोग गरिएको छ । विभिन्न संस्कार चाडपर्व सम्बन्धि तथ्यपरक कुराहरुलाई खोज अनुसन्धान गरिएको हुँदा त्यसतर्फ अन्वेषणात्मक विधि र प्राप्त विवरणहरुलाई वर्णन गरिएको हुँदा विवरणत्मक अथवा वर्णात्मक विधि अपनाइएको छ । यस अध्ययनमा प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कलाई बढी महत्व दिइएको छ । अध्ययनको क्रममा निम्नलिखित बिधि अपनाइएको छ ।

### ३.८ अध्ययन क्षेत्र छनौटको औचित्य

यो अध्ययन मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बाँके जिल्ला नेपालगंज नगरपालिका वाड नं. १६ मा बसोबास गर्ने चिडिमार जातिमा केन्द्रित रही यो शोधपत्र तयार पारिएको छ । यस वाड नं. १६ मा चिडिमार जातिको बढी संख्या रहेको छ । नेपालगंज नगरपालिका भित्र यस वडामा चिडिमारहरुको धेरै संख्या भएको र अनुसन्धान

गर्न अनुसन्धान तकनिक प्रयोग गर्न सजिलो हुने भएकाले यस क्षेत्रलाई अध्ययन क्षेत्र छनौट गरिएको छ ।

## ३.९ अनुसन्धानको प्ररचना

यो अध्ययन सामाजिक र सांस्कृतिक अध्ययन हो । यस अध्ययनका लागि वर्णात्मक ढाँचा प्रयोग गरिएको छ । मूलत गुणात्मक तथ्यहरुमा आधारित रही विवरणात्मक शैलीमा चिडिमार जातिहरुको सामाजिक र सांस्कृतिक पक्षको विविध कुराहरुमा वर्णन गरिएको छ ।

## ३.१० तथ्याङ्कको स्रोतहरु

यस अध्ययनमा मुख्य गरेर दुई प्रकारका तथ्याङ्कका स्रोतहरुलाई लिइएको छ ।

### ३.१०.१ प्राथमिक स्रोतबाट लिइएको तथ्याङ्कहरु

यस अध्ययनको लागि चाहिने तथ्याङ्कका प्राथमिक स्रोतहरु जस्तै घरधुरी सर्वेक्षण अवलोकन मुख्य सूचनादाताको अर्न्तवार्ता सहभागि अवलोकनको माध्यमबाट तथ्याङ्कहरु संकलन गरियो जसबाट उमेर लिङ्को आधारमा जनसाख्यीक विवरण शैक्षिक स्थिति आर्थिक अवस्था र सास्कृतिक सस्कारका बारेमा तथ्याङ्कहरु संकलन गरियो ।

### ३.१०.२ द्वितीय स्रोतबाट लिइएका तथ्याङ्कहरु

द्वितीय स्रोतहरुबाट लिइएका तथ्याङ्कहरुमा विशेष गरेर जि.वि.स र नगरपालिकाबाट पत्रपत्रिका, प्रोफाइल ,अभिलेख, विविध सामाग्री र विभिन्न व्यक्तिद्धारा गरिएका  सोधपत्र आदिको सहायता लिइएको छ ।

## ३.११ तथ्याङ्क संकलन विधि

### ३.११.१ अर्न्तवार्ता

अध्ययनको क्रममा यि जातिहरुसँग औपचारिक र अनौपचारिक अर्न्तवार्ता लिइएको छ । यो अर्न्तवार्ता घरको मूलधनिसँग लिइएको छ । अन्य व्यक्तिहरुमा नेपालगंज नगरपालिकाको प्रमुख, बुद्धिजिवी र शिक्षकहरुबाट पनि मौखिक अर्न्तवार्ताको माध्यमबाट चिडिमार जातिको शैक्षिक, सामाजिक, सांस्कृतिक जिवनपद्धति बारे विभिन्न अनुभव बटुली अध्ययनलाई यथार्थ बनाउने प्रयास गरिएको छ । अर्न्तवार्ताको क्रममा चिडिमार जातिसँग सम्बन्ध राख्ने विभिन्न गैरसरकारी संस्थाका पदाधिकारीसँग पनि मौखिक अर्न्तवार्ता लिइएको र प्रश्नावलीको आधारमा शोध कार्य गरिएको छ ।

### ३.११.२ अवलोकन विधि

अनुसन्धान कर्ताले आफै निरिक्षण गरि तथ्याङ्क लिने विधि नै अवलोकन विधि हो । उत्तरदाताको मूल्याङ्कन गरि कतिपय तथ्याङ्क आफै पनि लिइएको छ । यस अध्ययन क्षेत्रमा प्रचलित पूजाआजा, चाडपर्व र संस्कार त्यहाँ अवस्थित मठ ,।मन्दिर देवालय, सार्वजनिक महत्वका समान चिडिमार जातिको अध्ययन गर्नमा सहयोग पुग्ने खालका महत्वपूर्ण सामान लिपि र व्यवहारमा औचित्यपूर्ण, विश्वसनिय हुनुको साथै प्रत्यक्ष रुपमा देखे भोगेका कुराहरु सार्वजनिक रुपमा  प्रकाशन गर्दा बढी प्रमाणित र विश्वसनीय हुनेछ भनि यो विधि अपनाइएको छ ।

## ३.१२ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनका लागि संकलन र प्रशोधन गरिएका आवश्यक तथ्याङ्कहरुलाई वर्गीकरण गरि आवश्यकता अनुसार निश्चित र स्पष्ट तालिका बनाई विश्लेषण गरिएको छ । यसरी विश्लेषण गरिएका तथ्यहरुको यथोचित प्रस्तुतीकरण गरिदा मुख्यतः वर्णात्मक तरिका अगालिए तापनि यसका केही मात्रामा विश्लेषणात्मक तरिका प्रस्तुत गरिएको छ ।

## ३.१३ तथ्याङ्क संकलनमा आइपरेका कठिनाइ

अध्ययन कार्य सहज र सजिलो हुदैन । समय, स्रोत र साधनले परिपूर्ण भए तापनि अध्ययन क्रममा सोधकर्ताले कतिपय कठिनाइहरु भोग्नुपर्दछ । एक्कासी कुनै परिवारमा गएर तँपाईको जग्गा कति छ ? खान पुग्छ वा पुग्दैन ? तँपाईहरु जनजाति हो वा दलित जाति हो ? भन्दा सजिलै उत्तर पाउन गाऱ्हो पर्दछ । उनीहरुले किन र कसरी भन्ने उनीहरुको मनमा प्रश्न उठिहाल्छ । तर मैले सुरुमा गएर आफ्ना समस्या र उद्देश्यलाई राम्ररी व्याख्या गरेको थिए त्यसैले उनीहरुले मलाई राम्रोसँग सहयोग गरेको हुँदा मलाई सजिलो भएको थियो । मैले यहाँका बुद्धिजिवी तथा शिक्षकहरुको मद्दतबाट आवश्यक तथ्याङ्क लिए । मलाई पूर्ण विश्वास छ मैले लिएको तथ्याङ्क वास्तविक र सत्य छन् ।

# अध्याय ४

# तथ्याङ्कको प्रस्तुती र बिश्लेषण

## अध्ययन क्षेत्रको परिचय

यस भागमा बाँके जिल्लाको परिचय तथा नेपालगंज नगरपालिको सामान्य परिचय दिइएको छ । यसको साथै चिडिमार जातिको शैक्षिक अवस्थाको बारेमा व्याख्या गरिएको छ । शोधकर्ताको अनुसन्धान क्षेत्र यही नेपालगंज नगरपालिका वडा नं. १६ बेलासपुर अर्न्तगत रहेको र विभिन्न संस्कारहरु अध्ययनको विषयवस्तु हुँदा त्यसैमा सिमित रही अध्ययन कार्य गरिएको छ ।

## ४.१ भौगोलिक अवस्था

अध्ययन क्षेत्रको परिचय गराउँदा त्यस क्षेत्रलाई सबैले सहज रुपमा पत्ता लगाउन सकियोस् र नेपालको कुन क्षेत्रको कुन जिल्ला अर्न्तगतको कुन बस्तीमा अध्ययन गरिएको रहेछ भन्ने दूविधा नरहोस भन्ने उद्देश्यले साथै यस क्षेत्रको बासिन्दाहरुको सामाजिक, आर्थिक र शैक्षिक पक्षमा प्रभाव पर्ने पक्षहरु समेत परिचय गराउने उद्देश्यले भौगोलिक अवस्थालाई निम्न रुपमा वर्गीकरण गरेको छु ।

## ४.२ बाँके जिल्ला

भेरी अञ्चलका ५ वटा जिल्ला मध्ये बाँके जिल्ला तराईमा पर्ने एउटा लिल्ला हो । यसको पूर्वमा दाङ र भारतिय सिमाना, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा दाङ र सल्यान र दक्षिण खण्डमा भारतिय सिमाना पर्दछ । यस जिल्लाको कूल क्षेत्रफल २,२५८ बर्ग कि.मी छ । यो जिल्ला २७° ५१' देखि २८° २०' उत्तरी अक्षांस र ८१° २९' पूर्व देशान्तरसम्म फैलिएर रहेको छ । यस जिल्लालाई धरातलिय आधारमा तिन भागमा बाड्न सकिनछ । तराईको समतल भूमि (ख) उत्तरमा भावर क्षेत्र (ग) चुरे पर्वत श्रेणी (स्रोतः बाँके जिल्ला प्रोफायल २०६५)।

यो जिल्लामा बग्ने प्रमुख नदि राप्ती नदि हो । यस जिल्लामा अन्य खोलाहरु पनि बग्ने गर्दछन् । ति खोलाहरु मान खोला, डडुवा खोला, जेठी खोला, रोहिणी खोला, झिझरी खोला, आदि हुन् । बाँके जिल्लामा बसोबास गर्ने जातिहरु ब्रमाह्मण, क्षेत्री , बैश्य ,मुसलमान ,दलित, मधेसी र अन्य (जसको अझैपनि परिचय खुल्न सकिरहेको छैन्) बस्ने गर्दछन् । बाँके जिल्लाको महत्वपूर्ण धार्मिक स्थलहरुमा बागेश्वरी मन्दिर चुरे भवानी मन्दिर(बैजापुर), कम्मरमा बाबा (कम्दी) हुन भने अन्य धर्मालम्बीहरुका गुरुद्वारा, चर्चहरु, मस्जीदहरु पनि यस जिल्लामा प्रशस्त रहेका छन् । बाँके जिल्लाको प्रमुख आयको स्रोत कृषि नै हो । दोश्रो ठूलो आयस्रोतमा उद्योग र व्यापार पर्दछ । यस जिल्लाको कूलक्षेत्रफलको ५२ हजार ८३८ हेक्टर खेती योग्य जमिन रहेको छ । प्रमुख कृषि बालीहरुमा अन्नबालीहरु जस्तै-गहुँ, मकै, कोदो, जौ, धान र दाल खेती रहेका छन् भने नगदे बालीहरुमा तरकारी खेती गर्ने चलन बाँके जिल्लामा रहेको छ ।

बाँके जिल्लाको कूल क्षेत्रफलको लगभग १ लाख १३ हजार २ सय ९५ हेक्टर जमिन बनक्षेत्रले ओगटेको  छ । यस जिल्लामा पाइने प्रमुख बनपैदावारमा साल, सिसौ, खयर, कर्मा बोट्धाइरो, असना, सिमल, जामुन तथा बिभिन्न जडीबुटीहरु पर्दछन् ।

बाँके जिल्लाको शैक्षिक अवस्था हेर्दा जिल्लाको साक्षरता प्रतिशत ५७.४० रहेको छ । जसमा पुरुषहरुको साक्षरता प्रतिशत ६६.०४ र महिलाको ४९.२० रहेको छ । यस जिल्लामा ४८८ बिद्यालय, ३ प्राबिधिक शिक्षालय, ३ क्याम्पस, २ नर्सिङ्ग क्याम्पस र १ मेडिकल कलेज रहेको छ । बाँके जिल्लाको मानवबिकाश सूचाङ्क हेर्दा मानिसको औषत आयू ६०.३८ रहेको छ (स्रोतः बाँके जिल्ला प्रोफायल २०६५) ।

बाँके जिल्लाको प्रमुख चाडपर्वहरुमा बिजयादशमी, दिपावलि, माघी, चैते दशै, होलि, इद, बकरिद, क्रिसमश, मोहरम आदि पर्दछन् । प्रमुख धर्मालम्वीहरुमा हिन्दु(७८.४९) प्रतिशत, मुर्सलिम(१८.९९), बौद्ध(२.०२), क्रिर्सचियन(०.३६) र अन्य(०.१४) प्रतिशत रहेका छन् ।

बाँके जिल्लामा बिभिन्न बिकाशका पूर्वाधारहरु रहेका छन् । ति पूर्वाधारहरुमा सडक यातायात, हवाइ यातायात, सिचाइ, स्वास्थ उद्योग, व्यापार, होटेल व्यबसाय रहेका

छन् र त्यसैगरी सूचनाको बिकाश पनि यस जिल्लामा प्रशस्त भइरहेको हामी पाउदछौँ । बिभिन्न एफएमहरु, बिभिन्न पत्रपत्रिकाहरु, साहित्यीक प्रकाशनहरु रहेका छन् । त्यसैगरी यस जिल्लामा बिभिन्न गैरसरकारी संस्थाहरु पनि समाज बिकाशका लागि परेको देख्दछौ । यस जिल्लाका प्रमुख संस्थाहरु युनएन डिपी, प्लान बाँके, युन एन.एफ पि.ए, जि.टि.जेड , केयर नेपाल, सेभ द चिल्ड्रन आदि हुन् ।

बाँके जिल्लालाई राजनैतिक हिसाबले निम्न तरिकाले बिभाजन गरिएको छ । नगरपालिका १, सदरमुकाम नेपालगंज इलाका संख्या १३, गा.वि.स ४६ र संसदीय निर्वाचन क्षेत्र ४ गरि बाँडिएको छ ।

## ४.३ नेपालगंज नगरपालिका

नेपालगंज नगरपालिका बाँके जिल्लाको एक मात्र नगरपालिका हो । यो नगरपालिका धेरै जातजातिहरु बसोबास गरेको नगरपालिका हो । यस नगरपालिका भित्र ब्राहमण, क्षेत्री, वैश्य, मुसलमान, दलित तथा अन्य मधेसी जातिहरु यस नगरपालिका भित्र बसोबास गर्दछन । यस नगरपालिकाको कूल जनसंख्या ५७,५३५ जना रहेको छ (जनगणना २०५८ साल) । यस नगरपालिका भित्र विभिन्न जातजातिहरु सहिष्णुताका साथ बसोबास गरेर बसेका छन् । नेपालगंज नगरपालिका नेपालको एक प्रमुख नगरपालिका मध्ये एक हो । नेपालगंज नगरपालिकाको प्रमुख आर्थिक आयको स्रोत व्यापार, उद्योग र पर्यटन हुन । नेपालगंज नगरपालिकाको सिमाना जोडिएका गा.वि.स.हरुमा कारकादो, जमुनाह, वागेश्वरी आदि हुन । नेपालगंज नगरपालिका विभिन्न जातजातिहरुको बसोबास थलो भएकाले यहाँ विभिन्न संस्कार संस्कृतिहरु फस्टाउदै गएको देखिन्छ । विभिन्न जातजातिहरु विभिन्न पेशा अगाल्दै आएपनि एकअर्कासँग मिलेर बसेको देखिन्छ । यस्तै जातिहरु मध्ये चिडिमार जाति पनि यस नगरपालिका भित्रको एक जाति हो । यस जातिको छुट्टै पहिचान र अस्तित्व रहेको छ । चिडिमार जातिको एक टोल यस नगरपालिका वडा नं. १६ मा बसोबास गर्दै आइरहेको छ । यस जाति भित्र विभिन्न प्रथा परम्पराहरु छिपेर रहेका छन । १५९ घर भएको यस टोलमा खपराले छाएका घरहरु केही सिमेन्टले र इट्टाले बनेका घरहरु पनि रहेका छन । चिडिमारहरु यस टोलमा आर्थिक रुपले कमजोर भएकै देखिन्छ ।

शैक्षिक रुपमा पनि पछाडि परेको यो चिडिमार टोलमा अहिलेसम्म बालविवाह कायमै रहेको देखिन्छ ।

## तालिका नं. १

**४.४ बेलासपुरका चिडिमार जातिको शैक्षिक अवस्था**

| तह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| शिक्षित | २ | | २ | ०.१९ |
| अशिक्षित | २९३ | २५५ | ५४८ | ५२.१९ |
| जम्मा | २९५ | २५५ | ५५० | |

**स्रोतः (स्थलगत सर्वेक्षण २०६५)**

बेलासपुरका चिडिमारहरुको शैक्षिक अवस्था हेर्दा जम्मा २ जना शिक्षित जनसंख्या देखिन्छ । तथ्याङ्क अनुसार शिक्षित पुरुष २ प्रतिशत छ भने महिलाको १ प्रतिशत पनि छैन । यहाँको परिवारिक सर्वेक्षण अनुसार केटाकेटी दुवैलाई विद्यालय पठाउने चलन एकदम कम छ । केटीलाई घरमा काम गराउने, अर्कोको घरमा भाडा धुन पठाउने सानै उमेरमा बालविवाह गर्ने चलन चिडिमार समुदायको छ ।

चिडिमार जातिको शैक्षिक अवस्था एकदम दयनिय भएका कारण यस समुदाय यस समुदायमा अनमेल र बालविवाह जस्ता कुरिति विधमान छन । अर्कोतर्फ विवाहमा अनावश्यक खर्च गरेर आर्थिक रुपमा कमजोर भएको अवस्था चिडिमाहरुमा रहेका छ ।

### ४.४ चिडिमार जातिको परिचय

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरु मध्ये चिडिमार जातिमा आफ्नै परम्परा, भेषभुषा, रहनसहन, भाषा र सस्कृति पाइन्छ । चिडिमार जातिहरुको शारीरिक विशेषता मधेसी मूलसँग मिल्दछ ।

चिडिमार जाति मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलको बाँके जिल्लामा मात्र बसोबास गरिरहेको छन । यो जाति नेपालको अन्य भूभागमा नभएको र आफू लोपोन्मुख जातिभित्र रहेको यस जातिका प्रमुखहरु बताउछन् ।

चिडिमार जाति बाँके जिल्लाको खास शहरी क्षेत्र नजिक वासपासमा बसोबास गरका पाउदछौ । किनकि यो जाति शैक्षिक क्षेत्रमा धेरै पछाडि परेको  र जिवन निर्वाहका लागि अरु कुनै पेशा र व्यवसाय नभएकाले यिनीहरुलाई ज्याला मजदुरी गर्न सजिलो पर्ने भएकाले पनि यिनीहरु शहरी क्षेत्रको नजिक बसोबास गरेको पाउदछौ । चिडिमार जाति तराई क्षेत्रको एक मिहिनेती र परिश्रमी जाति हो । यस जातिले आफ्नो जिविका निर्वाह गर्न रिक्सा चलाउने, शहरी धनी वर्गका  घरमा गई विभिन्न काम गर्दछन । चिडिमार जाति घर बनाउने, विभिन्न इट्टा प्लाष्टिक फेक्ट्रीमा काम गर्ने गर्दछन ।

**तालिका नं. २**

**नेपालगंज नगरपालिका वडा नं. १६, बेलासपुरमा रहेको चिडिमार जातिको संख्यात्मक विवरणः**

| क.सं. | शिर्षक | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | २९५ जना | २८.०९ |
| २ | महिला | २५५ जना | २४.२८ |
| ३ | बालबालिका | ५०० जना | ४७.६१ |
| ४ | **जम्मा** | १,०५० जना | |

**स्रोतः (वागेश्वरी संचार स्रोत, बेलासपुर, वडा नं. १६)**

नेपालगंज नगरपालिका वडा नं. १६, बेलासपुरमा रहेको चिडिमार जातिको जनसख्या विवरण हेर्दा पुरुषहरुको संख्या २९५ , महिलाहरुको संख्या २५५ देखियो र बालवालिकाको संख्या  ५०० रहेको पाइयो ।

### ४.५ चिडिमार जातिको नामाकरण

चिडिमार जातिको खास बासस्थान भारत नै रहेको छ । बाँके जिल्लाका चिडिमारहरु यस क्षेत्रमा करिब १५० वर्ष अघि प्रवेश गरेको हुन सक्ने चिडिमार जातिका अगुवाहरु अनुमान लगाउने गर्दछन् भने ज्ञानेश्वर भट्टराईद्धारा लिखित वृहत नेपाली शव्दकोशमा यिनीहरु ३ शताव्दीदेखि अगाडिबाट बसोबास गर्दै आएको कुरा लेखिएको छ । । चिडिमार जातिको खास नामाकरण यि जाति विगत २०/२५ वर्ष अघिसम्म पनि चरा मार्ने पेशामा संलग्न थिए । त्यही चरा मार्ने पेशाको कारण यो जातिको नाम चिडिमार जाति रहेको हो । यो जातिको चरा मारेर जिविका गर्ने काम कानुनी रुपमा वातावरणीय हिसाबले बन्देज लागिसकेको छ । चिडिमार जातिहरु भारतबाट नेपाल प्रवेश गरेको हुनसक्ने त्यस्ता प्रमाणित तथ्य फेला नपरेपनि यिनीहरुको जिवनशैली, भाषा र सस्कारको अध्ययनबाट के बुझिन्छ भने यिनीहरु भारतबाट नै प्रवेश गरेको हुनसक्ने अनुमान लगाउन सकिन्छ । किनकि यिनीहरु चाडपर्व मनाउने शैली, पोशाक र भेषभुषा हेर्दा भारतीयहरुसँग मिल्दोजुल्दो रहेको देखिन्छ ।

### ४.६ चिडिमार जातिका थर र उपथर

चिडिमार जतिको विभिन्न थर रहेको पाइदैन । यो जातिको आफ्नो 'बहेलिया' भन्ने थर रहेतापनि आजकल यिनीहरु आफूलाई सबैले 'चिडिमार' को मात्र नामबाट चिनाउन चिडिमार मात्र थर आफ्नो पछाडि लेखाउने गर्दछन् । कसै-कसैले यिनीहरु आफ्नो नामको पछाडि 'हरिजन' लेखाएको पनि यस अनुसन्धानबाट पत्ता लागेको छ । मैले खोज अनुसन्धान गर्दा वासपासमा रहेका गैरसरकारी संस्था, विद्यालयको रेकर्ड र नागरिकताको प्रमाणपत्र हेर्दा धेरैको नामको पछाडि 'चिडिमार' मात्र लेखेको पाएको थिए ।

**तालिका नं. ३**
**उमेरगत जनसंख्या विवरण**

| क्र.सं. | उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ०१ | ०-१५ | २०० | ३०० | ५०० | ४७.६१ |
| ०२ | १५-४० | २२५ | २८५ | ५१० | ४८.५७ |
| ०३ | ६० वर्ष भन्दा माथि | ३० | १० | ४० | ३.८० |
| | जम्मा | | | १०५० | |

**स्रोतः (स्थलगत सर्वेक्षण २०६५)**

चिडिमार जातिको उमेरगत जनसंख्या विवरण हेर्दा ०-१५ वर्ष सम्मका पूरुष २०० संख्यामा रहेको देखिए र महिलाहरु ३०० संख्यामा रहेको पाइयो त्यसैगरी १५-४० वर्षका पुरुषहरु २२५ रहेको र महिला २८५ रहेको पाइयो र ६० वर्षभन्दा माथिका पुरुषहरु ३० र महिला १० रहेको पाइयो ।

### ४.७.१ स्वभाव प्रकृति

अत्यन्त परिश्रमी इमान्दार हसिलो अनुहार र सोझा स्वभावका चिडिमारहरुको जिवनशैली सरल छ । अरुको सहयोग गर्ने प्रवृति सामुहिक क्रियाकलापमा सहभागि हुने चिडिमारहरुको सामाजिक परम्परा रहेको छ । आत्मनिर्भर, स्वालम्वी र सस्कृति प्रेम यिनीहरुको विशेषता नै हो । पाहुनालाई आदरभाव र सम्मानले व्यवहार गर्नु आफ्नो परम्परा नै हो भन्दछन । अत्यन्त मिलनसार इमान्दार र अनुशासित व्यवहार नै आफ्नो सांस्कृतिक पहिचान ठान्दछन । चिडिमार समुदायका महिलाहरु केहि लज्जा स्वभावका हुन्छन । परपुरुषसँग छिट्टै बोलिहाल्ने र धेरै कुरा गर्ने यिनीहरुको स्वभाव हुदैन ।

### ४.७.२ शारीरिक बनावट

चिडिमार जातिका मान्छे लामा पातला कद र कालो वर्णका हुन्छन । यिनीहरु झट्ट हेर्दा नेपाली मूलका देखिदैनन् । चिडिमार जाति आर्य वर्गमा पर्ने जाति हो । यो जातिको महिला र पुरुषको उचाई लगभग ५ फिटदेखि माथि हुने गर्दछ । शारिरिक रुपमा सारै दुव्ला पातला देखिने यो जाति शारिरिक रुपमा फुर्तिला हुन्छन् ।

### ४.७.३ घरको बनावट

चिडिमार जातिका घरहरु आर्थिक हैसियत अनुसार फरक फरक भएको पाइयो । कसै कसैका घर सिमेन्ट इट्टाले बनेका पक्की पनि छन, कसै कसैका घर इट्टाले बनाएका तर खपराले छाएका पनि पाइयो । धेरै जसोका घर इट्टाले बनेका र

खपराले छाएको पाइयो । केही घर माटा र फुसले बनेका पनि पाइयो । नेपालगञ्ज वडा नं.१६ मा लगभग ३०/४० वटा घर खपराले छाएको भेटियो भने लगभग ३०/४० वटा घर माटो र फुशले छाएका भेटिए र अन्य घरहरु इट्टा र माटोले बनेका पाइयो ।

### ४.७.४ पेशा

चिडिमार जातिको मुख्य पेशा अरुको घरमा गएर काम गर्नु नै हो । यिनीहरुको साक्षरता प्रतिशत एकदम कम अथवा यिनीहरुको समुदायमा धेरै कम पढेका मान्छे भएकाले पनि सरकारी जागिर कुनै अड्डा अदालतमा गएर जागिर खाने यिनीहरुको अवस्था नभएको कुरा अध्ययनबाट पाइयो । केही सिमित चिडिमार जातिका युवाहरु केही कार्यालयमा पिउनको जागिर खाएको पाइयो । यो बाहेक यिनीहरु अर्कोको खेत अधियामा लिएर खेतीपाती लगाउने काम पनि गर्दछन् । चिडिमार जातिका ५ जना पुरुषहरु केही कार्यालयहरुमा कार्यालय सहायकको रुपमा काम गर्दछन् भने अधिकाशं युवा र अधवैंशे चिडिमार जातिका व्यक्तिहरु रेक्सा चलाएको पाइयो । अध्ययन क्षेत्रका धेरैजसो घरका घरमुलीहरुले अर्काको खेत अधियाँ लगाएको पाइयो ।

### ४.७.५ भेषभुषा/गहना

चिडिमार जातिका छोरा मान्छेहरुले बुसट, पैन्ट, जाङहया, गम्छा, धोति, कमिज र बनियान लगाउने गर्दछन । आइमाइहरुले बलाउज, साडी, पेटीकोट लगाउने गर्दछन । चिडिमार जातिका आइमाइहरुले गहनाहरुको रुपमा फोपी, नथुङग्री, बाला, चुरिया, पैली(गोडमा) मोटा कडाहरु खुट्टामा लगाउने गर्दछन । बुढापाकाहरु बढि जसो परम्परा गर्न पोशाकमा देखिन्छन । तर आजकल नयाँ युवायुवतीहरु शहर नजिक रहेर अरुको सर्म्पकबाट नयाँ फेसनदार कपडाहरु पनि लगाउन थालिसकेका छन् ।

### ४.७.६ धर्म

चिडिमार जातिको मुख्य धर्म हिन्दु हो । यिनीहरु विभिन्न देवीदेवताको पूजाआजा गर्दछन । गणेश, लक्ष्मी, महादेव, श्री राम आदि यिनीहरुका आदर्श देवीदेवताहरु हुन । यिनीहरुले विभिन्न चाडपर्व र संस्कारहरु मनाउने गर्दछन् ।

### ४.७.७ खानपिन

चिडिमार जातिको मुख्य खाना दाल, भात, रोटी र सब्जी नै हो । कहिलेकाही माछामासु खाने गर्दछन । पाहुना आएपछि मासु ल्याइ आर्थिक गच्छे अनुसार खानपिन गराउने चलन छ । यस जातिका मान्छेको रक्सी धेरै पिउने चलन रहेको छ । रक्सी पिउनको प्रमुख कारण यिनीहरु दिनभरी शारीरिक परिश्रम गर्ने हुनाले साझमा रक्सी थकान मेट्न पिउने गरेको यिनीहरु बताउने गर्दछन् ।

### ४.७.८ भाषा

यो जातिको मुख्य भाषा अवधि हो । यो जातिले आफ्नो व्यवहारिक जिवनमा धेरै अवधि भाषा बोल्ने गर्दछन् । यो जातिले नेपाली भाषा एकदम कम बोल्ने र प्रयोग गर्ने गर्दछन् । यो जातिको छुट्टै कुनै लिपि रहेको देखिदैन ।

### ४.७.९ पारिवारिक बनावट

चिडिमार जाति धेरैजसो संयुक्त परिवारमा बस्दछन । उनीहरुको पुरानो चलन अनुसार काम गर्दा सामुहिक संस्कारमा सहभागि हुदाँ सजिलो पर्ने हुनाले यसो गरिएको हुन सक्ने चिडिमार जातिका अगुवाहरु बताउदछन । केही नयाँ पुस्ताका चिडिमारहरु न्यून संख्यामा एकल परिवारमा बसेको भेटिन्छन ।

**तालिका नं. ४**

**चिडिमार जातिको पारिवारिक संरचना**

| क्र.सं. | परिवारको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| ०१ | एकल परिवार | ० | - |
| ०२ | संयुक्त परिवार | ३० | १०० |
| | जम्मा | ३० | १०० |

**स्रोतः** (स्थलगत सर्वेक्षण २०६५)

चिडिमार जातिको पारिवारिक संरचनाका दृष्टिले हेर्ने हो भने यिनीहरु धेरै नै सयुक्त परिवारमा बसेको पाइन्छ । एउटा सयुक्त परिवारमा कम्तिमा पनि १० जनादेखि माथिको संख्यामा बसिरहेको पाइयो । मेरो अध्ययनको नमुना सर्वेक्षणमा ३० जना परिवारहरु सबै सयुक्त परिवारमा बसेको पाइयो । र एकल परिवारमा बसिरहेको कुनै परिवारहरु भेटिएनन् ।

### ४.७.१० आर्थिक अवस्था

चिडिमार जातिको आर्थिक अवस्था एकदम कमजोर रहेको छ । नेपालगंज नगपालिका वडा नं. १६ मा चिडिमार जाति धेरै जसो अर्काको घरमा ज्याला मजदुरी गरेर पेट पाल्ने गर्दछन । केही चिडिमारहरु केही सरकारी करकार्यालयमा पिउनको जागिर खाई रहेको देखियो भने केही चिडिमार जातिले अर्काको खेत

अधिया लगाई जिविकोपार्जन गरेको पाईयो । केही चिडिमार जातिका अर्धबैसे र युवा पुरुषहरुले रिक्सा चलाएर घर खर्च चलाएको पाइयो ।

**तालिका नं. ५**

**काम गर्ने चिडिमारहरुको संख्या र भू-स्वामित्व**

| क.स. | काम | सख्या | घडेरी | खेत |
|---|---|---|---|---|
| १ | रेक्सा चलाउने | २० | छ | छैन |
| २ | कार्यालयमा काम गर्ने | ५ | छ | छैन |
| ३ | अर्काको घरमा काम गर्ने | २५ | छ | छैन |

(स्रोत : स्थलगत सर्वेक्षण २०६५)

चिडिमार जातिको पेशाको कुरा गर्दा उनीहरुको प्रमुख पेशा रेक्सा चलाउने , अर्काको घरमा काम गर्ने र केही सिमित व्यक्ति कार्यालयमा पियनको जागिर खाएको पाइयो । संख्यात्मक हिसाबले हेर्दा रेक्सा चलाउने २० जना , कार्यालयमा काम गर्ने ५ जना र अर्काको घरमा काम गर्ने २५ जना पाइयो र भू-स्वामित्वको कुरा गर्दा यिनीहरुसँग घरघडेरी बाहेक बाली लगाउने खेत नभएको पाइयो ।

### ४.७.११ चिडिमार जातिको अन्य जातिसँगको सम्बन्ध

नेपाल गाउ नै गाउले भरिएको मूलुक हो । प्रत्येक गाउ शहरमा विभिन्न जाति तथा जनजातिहरु बसोबास गर्दछन् । यिनै वर्तमान अस्तित्वमा रहेका विभिन्न जाति तथा जनजातिहरुको विभिन्न संस्कृती र समाजसँगको अन्तरक्रियाको माध्यमबाट आफ्नो मौलीक संस्कृतीलाई अझ परिस्कृत र समय सापेक्ष वा सर्व स्वीकार्य बनाएका छन् । चिडिमार जाति पनि समय समपेक्ष स्थाई टोल बनाएर बसेपछी अन्य जातिसग सम्बन्ध स्थापित हुदै गएको छ । खास गरेर यो जाति अर्काको घरमा ज्याला मजदुरी गरेर खाईरहेको हुनाले नेपालगंज जगरपालीका निवासी ब्राह्मण, वैश्य, नेवार तथा अन्य मधेशी समुदायसग यिनिहरुको हेलमेल बढेको देखिन्छ । यो जाति तराईको उतपिडित र उपेक्षित जाति भएकोले खुलस्त रुपले अन्य जातिसँग सहकार्य नभएपछि काम र व्यवहारिक हिसाबले सम्बन्ध स्थापित भएको देखिन्छ । यस टोल वरपर अन्य जाति पनि बसोबास गरिरहेका हरनाले यिनिहरुको सामानिक अन्तरक्रिया उनीहरुसँग बढिरहेको छ ।

### ४.७.१२ चिडिमार जातिको महिलाको अवस्था

चिडिमार जातिको सामाजिक रहनसहन र चलन हेर्दा यिनिहरुको सामानिक अवस्था एकदम कमजनेर रहेको छ । त्यसमा पनि महिलाहरुको अवस्था हेर्दा त झन कमजोर रहेको छ । नेपालगंज नगरपालिका वडा न. १६ वेलासुरमा चिडिमार महिलाहरुको आर्थिक, शैक्षिक, स्वास्थ्य जस्ता कुराहरुलाई नियालेर हेर्दा उनीहरु पुरुषको तुलनामा एकदम पछि परेको देखियो । महिला शैक्षिक रुपमा हेर्दा अति अशिक्षित रहेको देखियो । चिडिमार समुदायमा चेलीबेटीलाई पढाउनु पर्छ भन्ने भावना एकदम कम रहेको छ । चिडिमार समुदायका बालबालिकालाई सकूल पढाउनु पर्छ भन्ने सोच धेरैको नरहेको पाइयो । त्यसैगरी महिलाहरुको आर्थिक अवस्था पनि नाजुक रहेको पाइयो किनकि उनीहरु घरभित्रको कार्यमा मात्र संलग्न रहने हुदा आर्थिक उपार्जनको कार्यमा उनहिरुको सहभागिता नरहेको पाइयो चिडिमार वस्तीमा खानेपानीको  र सरसफइको अवस्था हेर्दा खानेपानी र सरसफाइको अवस्था पनि राम्रो नभएको कुरा चिंडिमार वस्तीका महिला पुरुषको स्वास्थ्य स्थितिबाट थाहा पाईयो उनीहरु पेटको रोगको समस्या, आँखाको समस्या, जन्डिस, इन्सेफलाइटिस जस्ता रोगबाट ग्रस्त भएको पाइयो । महिलाहरुलाई पुरुषहरुले

धेरैजसो बन्द समाजको अवस्थामा राखेको व्यवहार गरेको पाईयो । चिडिमार समुदायका महिला विभिन्न पक्षबाट केलाएर हेर्दा एकदम कमजोर र पछाडि परेका छन् ।

## ४.७.१३ चिडिमार जातिको स्वास्थ्य अवस्था

चिडिमार जातिको वस्तीमा स्वस्थ खानेपानीको व्यवस्था नभएको हुनाले उनीहरुको स्वास्थ्य अवस्था कमजोर रहेको छ । उनीहरु विभिन्न रोगबाट पिडित रहेको उत्तरदाताहरुको व्यक्त विचारबाट प्रष्ट हुन आएको छ । चिडिमार समुदायमा उचित चर्पिको व्यवस्था नभएको खुला ठाउँमा दिशा पिशाव गर्ने भएकोले यस समुदायका विषेश गरी बालबालीकाहरु झाडापखला आउँ जस्ता रोगबाट पिडित छन् । अहिले पनि चिडिमार समुदमय झाँक्रीको विस्वासमा रहने नजिकै स्वास्थ्य सेवाको सुविधा हुदाँ पनि आर्थिक समस्याको कारणबाट उनीहरु झाँक्रीसँग गई फुकफाक गर्ने गरेको देखिन्छ ।

### ४.७.१४ चिडिमार जातिको सामाजिकि र सांस्कृतिक विशेषताहरु

चिडिमार जातिको जिवन शैली सरल छ । यिनीहरु एक अर्कामा मिलनसार र सहयोगी छन् । सामाजिक कार्यमा सहभागिता भै कार्य गर्दछन । विभिन्न संस्कृतिका धनी यि चिडिमार विभिन्न मेला पर्व चाडपर्व मनाइ रमाइलो गर्ने गर्दछन् । चिडिमार समुदायको खास सांस्कृतिक विशेषता यिनीहरु जहाँ बसेपनि आफ्नो झुण्ड टोल बनाई बस्ने गर्दछन् ।

### ४.८ चिडिमार जातिका बिभिन्न संस्कारहरु

### ४.८.१ जन्म संस्कार

चिडिमार जातिमा बच्चा जन्मिसकेपछि ६ दिनमा छैटी मनाउने चलन छ । छैटीमा नाच्ने गाउने छिमेकीलाई सहभागी गराउने , गच्छे अनुसारको खानपिन र मिठाई बाड्ने चलन छ । सुत्केरी भएको बेला यिनीहरुले २१ दिनसम्म सुत्केरी बार्ने चलन छ । १२ दिनपछि भने सुत्केरीलाई घरभित्र राख्ने चलन छ । बच्चाको नामाकरण गर्दा पहिला पहिला बुढापाकाहरुले आफुले नैं जे चाहे त्यही नाम राखिदिन्थे तर बर्तमान समयमा भने उनीहरुको पुरोहित (जसलाई उनीहरुको भाषामा ‘महाराज’ भन्दछन् ।) लाई बोलाएर राख्ने गर्दछन् । चिडिमारहरुले आफ्नो पुरोहित यिनीहरुको आफ्नै समुदायबाट हुन्छ । बच्चाको ‘छैटी’ मनाउँदा आर्थिक रुपमा कमजोर हुनेले खानपिन भोजभतेर गर्न नसके ‘भुजा’

ल्याएर सामाजिक छिमेकीहरुलाई बाड्ने गर्दछन् । तर शोधकर्ताले पत्ता लगाएको पुरानो चलनअनुसार छैटीमा आएका छिमेकीहरुलाई चामल बाड्ने चलन थियो ।

### ४.८.२ बिवाह

यस चिडिमार जातिमा विवाह बिशेषत : सानै उमेरमा नै  हुने गर्दछ । विवाह हुदा केटाकेटीको उमेर १०/११ वर्ष हुने गर्दछ । यस जातिमा बैवाहिक संस्कारहरुमा बिशेषत मगनी बिवाह नै बढी हुने गर्दछ । मगनी बिवाह गर्दा निम्न प्रक्रियाहरु पुरा गरिन्छ ।

### ४.८.३ मगनी

मगनी गर्दा केटापक्षबाट केटीपक्ष कहा सगुनका रुपमा माछा लगेर जानुपर्छ । मगनी संस्कारमा अगुवा नातेदार र छिमेकीहरुबाट केटा र केटी पक्षलाई नाता जोड्न बिशेष पहल गर्ने गरिन्छ । केटापक्षबाट लगिएको माछा साझ केटीपक्षका पकाएर रक्सी खाने र बिवाहका बारेमा छलफल गर्ने गरिन्छ । यसबेला केटापक्षबाट लड्डु मिठाइ पनि लिने गरिन्छ । यदि केटीपक्षको आर्थिक अवस्था कमजोर भए भेली(गुण) को मिठाइ लिने गरिन्छ । यस कार्यक्रममा यिनीहरुको बाहुन(महाराज) लाई बोलाइ केटाकेटीको चिना हेर्ने, बिवाह मिति तोक्ने काम गरिन्छ । जब काम पक्का भइसकेपछि केटापक्षलाई केटीपक्षले अनाज ,कपडा वा रुपियाँ दिएर बिदाइ गर्ने चलन छ ।

### ४.८.४ लगन जुराउने

केटापक्षका मानिसहरु गएर मगनी भइसकेपछि फेरी केटीपक्षकहा बिवाहको मिति तोक्ने वा लगनको दिन जुराउने परम्परा हुन्छ । यसबेला केटापक्षका टोलीहरुले ५ किलो भेली(भेलिको मिठाइ) तिन किलो बताशा मिठाइ ५ के.जी माछा (पुर्ख्यौली चलन अनुसार) लिएर केटीपक्षकहाँ जान्छन् । यस दिन फेरी महाराज (बाहुन) बोलाएर फलानो दिनमा बिवाह हुन्छ भनेर मिति तोक्छ र राशिफल हेरेको पर्चा बाहुनले केटीपक्षका छाडेर जान्छ ।

केटापक्षका तर्फबाट लिएको कोसेली केटीपक्ष कहाँ केटीका बुबाआमाले गाउघर छिमेकका छिमेकी बोलालएर माछा पकाएर खुवाउने र मिठाइ बाड्ने काम गरिन्छ । अथवा माइती पक्षले फलानोका छोराले हाम्रो छोरी बिवाह गर्दैछ भन्ने यो परम्परागत सुचना पनि हो । त्यसैगरी जब छिमेकीहरु केटीपक्षकहाँ भोज खान आउँदछन् उनीहरुले कपडा अनाज वा पैसा ल्याएर केटीपक्षका घरमा छोडिदिन्छन् । यसरी छाडेर गएको समान पैसा र अन्नलाई केटीका बुबाआमा वा अविभावकले केटापक्षका टोलीलाई फर्कदा दिएर बिदाई गर्दछन् । लगन जुराउने दिनमा वा विवाहको तिथि तोक्दा केटी (दुलहीका माइतमा) नया चुलो बनाइन्छ । र परम्परा अनुसार मासको दालको 'धोइ' गरिन्छ । पछि विवाहमा केटा वा केटीपक्षलाई त्यही मासको दालबाट 'बरिया' बनाई खुवाउने चलन छ ।

### ४.८.५ विवाह

जब विवाहको दिन तय हुन्छ बिवाहको दिनमा चिडिमार जातिको आफ्नै किसिमको परम्परा रहेको छ । बैवाहिक संस्कार सम्पन्न हुने दिनमा केटीपक्षका बेहुलीका साथ केटापक्ष कहाँ आउने चलन छ । बिवाहको दिनमा सबभन्दा पहिला बेहुलाको कपाल काटी नुहाई धुहाई घरको आगनको बेदीमा राखिन्छ । त्यसपछि दुलाहाका फूपा भिनाजूले बिवाहमा लगाउने कपडा लगाइदिन्छन् । त्यस पछि दुलाहाले लगाउने ताज (जसलाई चिडिमार जातिले 'माउर' भन्ने गर्दछन्) पनि लगाइदिन्छन् । त्यस पछि बाल काट्ने हजामको श्रीमती जसलाई चिडिमारहरु 'नौनी' भन्ने  गर्दछन् उनले बेहुलाको खुट्टामा रङ्ग लगाउने काम गर्छिन । यसरी नौनीले गोडा धोइसकेपछि दुलाहाबाट पैसा लिने चलन छ । दुलाहालाई फूपा, भिनाजूले कपडा लगाइसकेपछि पनि फूपा भिनाजूलाई दुलाहा ले पैसा दिनैपर्ने परम्परा छ । दुलाहाले विवाहमा लगाउने बिशेष कपडालाई चिडिमारहरु 'बादशाही कपडा' भन्ने गर्दछन । यसरी दुलाहाले कपडा लगाइसकेपछि दुलाहाको दिदी बहिनीहरुले दुलाहाको 'राइलोन' उतार्ने काम गर्दछन (राइलोन भनेको तोरी र नुन टाउकोमा घुमाएर आगोमा हाल्ने प्रक्रिया वा परपम्रालाई भनिन्छ ) ।

विवाहमा ओखल र मसल पनि विवाहको मण्डवमा राख्ने चलन छ । ओखल र मसलमा धागो सातफेरा लगाईन्छ । धागोको सातफेरा माथि उचालेर ओखलमा धानकुट्ने चलन पनि छ । विवाहको मण्डवमा दियो र कलस पनि राखिन्छ । केरा काटेर ल्याएर खम्बा

गाड्ने परम्परा पनि छ । त्यसैगरि विवाहको मण्डवमा खेत सम्याउन प्रयोग गर्ने गरिने लिडको पनि गाड्ने चलन रहेको छ । जन बिवाह पुर्व तयारीमा दुलाहालाई र मण्डबलाई सिगारिसकेपछि फुपा वा भीनाजूले दूलाहालाई काधमा बोकेर इनार नजिक लग्दछन् । परम्परा अनुसार पूजाआजा गर्दछन् र दूलाहालाई दूध खुवाउने परम्परा छ । यसरी दूलाहाले आमाको दूधको मूल्य चुकाउन बेहुलाले आमालाई केही दिने चलन छ । त्यसपछि दूलाहा लाई बिवाहको लागि बिवाहको मण्डवमा ल्याइन्छ । माइति टोलीले पनि बेहुलीलाई बिवाह मण्डबतिर ल्याउदछन् । केटापक्षका (दूलाहा)महिलाहरु आफ्नो परम्परा अनुसार दूलही भएको नजिक जान्छन् र दही र भात खुवाएर बेहुलीलाई घरभित्र भित्रयाउदछन् । अब घरमा दुलही आइसकेपछि केटी(दूलही पक्षका मान्छेहरु आफुले ल्याएको दाइजो ( भाडा, पैसा, सामान इत्यादि) ल्याएर बिवाह मण्डबतिर आउदछन् । दूलाहा दूलहीलाई बिवाह मण्डबतिर बसाल्दछन् उनीहरुको बाहुन वा पण्डीत (महाराज) बोलाएर बिवाह कार्य सम्पन्न हुन्छ । त्यही कन्यादान पनि गरिन्छ । त्यसैबेला पनि दूलाहा र दूलहीलाई टीका लगाउने चलन पनि छ । दूलाहको भाउजूले आफ्नो सुहाग -सिन्दुर) दूलहीलाई लगाइदिन्छ । त्यसको बदलामा दूलाहाले भाउजूलाई पैसा वा सुन दिने चलन छ । त्यसपछि माइती पक्षले भाडाकुडा वा सामान ल्याएर केटाको गोडाधुने चलन छ र उनीहरुले केटीको हातपनि दूलाहाको हातमा सूम्पीन्छन् । त्यसपछि सबै बिवाहमा उपस्थित पाहुना माइती पक्ष र छिमेकीलाई खान पिन गराउने परम्परा छ ।

### ४.८.६ बिवाहको भोलिपल्ट

बिवाहको भोलिपल्ट बिहान नास्ता गराएर  बोका काट्ने र पुजा गर्ने चलन छ । कसै-कसैको घरमा भेडा काट्ने चलन पनि छ कसैले सुँगुर काट्ने चलन पनि छ । यसबेला माथिका उल्लेखित जनावरको वली दिएर घरको देउता पुज्ने चलन रहेको छ । पूजाआजा गरिसकेपछि दूलही र दूलाहाले काट्को जनावर (सुँगुर वाहेक) को रगतमा औठा र खुट्टा चोपेर घर भित्र प्रवेश गर्दछन् । त्यसपछि फेरी खानपिन कार्यक्रम सुरु हुन्छ । यसबेला केटीपक्षबाट पैसा प्राप्त गर्न केटापक्षका चेलिबेटीले वेहुलीको धोति लुकाउने चलन छ । त्यस केटी पक्षका टोलीलाई बिदाई गर्ने चलन छ ।

मगनी बिवाहमा बिवाहको भोलिपल्ट नै बेहुली माइत जाने परम्परा चिडिमार समुदायको रहेको छ । चिडिमारको परम्परा अनुसार बेहुली माइतमा ३ बर्ष, ५ बर्ष वा ७ बर्षसम्म बस्ने चलन छ । फेरी केटापक्षबाट दुलहीलाई लिन जादा फेरी माछा गुण र कपडा लिएर जानुपर्दछ । साथसाथै दुलहीलाई गहना, चुरिया, चप्पल लगेर पनि जानुपर्दछ । जब केटी माइतबाट घरमा ल्याइन्छ । यसलाई चिडिमारहरु 'गउना' भनेर भन्दछन् । फेरी ल्याइसकेपछि खानपिन गर्ने चलन छ ।

### ४.८.७ भागेर गर्ने बिवाह

चिडिमार जातिमा मगनी बिवाह नै धेरै प्रचलित छ । तथापी समय परिवर्तन खेलसँग अहिले नयाँ पुश्ताका चिडिमार युवायूवतिले मनपराएका व्यक्तिसँग भागेर पनि बिवाह गर्दछन् । यदि यस्तो बिवाहमा केटाले केटी भगाएर ल्यायो भने चिडिमार समुदायमा एउटा उनीहरुको पंचायत बस्दछ । त्यस पंचायतले एउटा निश्चित नियम कानुन उलघन गरेमा दण्ड तिराउने नियम बनाएको हुन्छ । त्यस केटाले त्यहा दण्ड जरिवाना तिर्नुपर्दछ । तिरिसकेपछि केटापक्षले खुसियाली खानपिन गराउने गर्दछ । यस बिवाहमा केटा पक्षले प्रेम बिवाह गरेर आफ्नै जातिको ल्याएपछि रु.१३०/- रुपिया र भात खुवाउने चलन छ तर आफ्नो चिडिमार जाति बाहेक अन्य जातबाट ल्याएमा चिडिमार पंचायतलाई रु १३,०००/- जरिवाना तिर्नु पर्दछ (चिडिमार पंचायत भनेको चिडिमार समुदायमा कुनै समस्या आएमा समाधान गर्ने साझा थलो हो) । भागेर वा प्रेम बिवाह चिडिमार जातिमा एकदम कम हुने गर्दछ ।

### ४.८.८ भाउजू बेहोर्ने बिवाह

यस बिवाहमा चिडिमार दाइको श्रीमतीलाई दाइको मृत्युपछि बेहोर्ने गर्दछन् । यस्तो बिवाहमा बिधवा भाउजूलाई चिडिमार समुदायले सोधपुछ गर्दछ । यदि महिलाले राजीखुसी छ भनेर देवरसँग बिवाह गरिदिने गरिन्छ । यदि बिधवा भाउजूले देवरसँग बिवाह गर्ने चाहेन भने उ अन्य व्यक्ति सँग पनि बिवाह गर्न सक्छ । यस्तो बेलामा बिधवा भाउज्यूलाई करकाप गर्ने चलन छैन् ।

### ४.८.९ बिधवा बिवाह

यस्तो बिवाह चिडिमार जातिमा एकदम कम छ । यदि  कुनैबेला महिला श्रीमानको मूत्यु पछि अन्य कुनै पुरुषलाई मन पराउदछ भने बिधवालाई त्यस्तो व्यक्तिसँग राजीखुसी बिवाह गर्न दिने परम्परा छ । यदि बिधवा महिलाले बिवाह नगरी बस्न चाहान्छ भने पनि उसले बिवाह नगरी बस्न पाउँदछ । कतिपय बिधवालाई घरमा आफ्नो देवरसँग बिवाह गरिदिने चलन चिडिमार जातिमा रहेको छ ।

### ४.८.१० मूत्यु संस्कार

चिडिमार समुदायमा मान्छे मरिसकेपछि आफ्ना नजिकका नातागोता इष्टमित्रलाई वोलाउदछन् । मान्छेहरु बोलाइसकेपछि मान्छेको लासलाई ढाक्नको लागि ‘कफन’ ल्याउदछन् । यसका साथसाथै माटाका घैलाहरु पनि ल्याउदछन् । मरेको मान्छेलाई कफनमा बेरिसकेपछि गाड्ने वा जलाउने ठाउमा लैजान्छन् ।  चिडिमार जातिमा मानिसमको लासलाई  जलाउने वब गाड्ने दुबै चलन छ । मूत्यु संस्कारमा घरपरिवारको आर्थिक हैसियतले पनि काम गर्दछ । धनी मानिसहरुले प्रायजसो लकडी ‘काठ’ किनेर जलाउने परम्परा रहेको छ भने गरीबहरुले प्राय गाड्ने चलन रहेको छ । जब लासलाई जलाउने वा गाड्ने ठाउमा पुराइन्छ उनीहरुको परम्परा अनुसार जलाउने र गाड्ने काम गरिन्छ । लासलाई मसान घाटमा पुर्‍याउने बेला बिच बाटोमा भूजा, पैसा र बतासा मिलाएर बाटोमा छर्कदै जाने परम्परा रहेको छ । मान्छेको लासलाई दाहसंस्कार गरेको चार दिनपछि नातागोता वा इष्टमित्र बोलाइ फेरी जलाएको वा गाड्को ठाउमा दूध,चामल र तुल्सी को बिरुवा लगेर गइन्छ । नातागोता इष्टमित्रले लगेर गएको चामल, दूध गाड्को वा जलाएको ठाउमा छकिर्ने गरिन्छ र अगरबत्ती जलाइन्छ । नजिकैको ठाउमा तुल्सीको बिरुवा पनि रोपिन्छ । जतिखेर यि कार्यहरु गरिन्छ सबै नातागोता इष्टमित्रले मरीसकेको मान्छेलाई  पुकार्दै भन्दछन् “हामी बाचेकालाइ केही नगर्नु सकुशल राख्नु” भनेर भन्ने गर्दछन् । जति मान्छेहरु यस संस्कारमा सहभागी भएका हुन्छन् उनीहरु त्यहा नुहाई धुवाई गर्दछन् र घर फर्कन्छन् । घर फर्किसकेपछि घरमा बनाइएको जुन खाना  हुन्छ । (मरेको

मान्छेको परिवारमा) त्यसलाई पहिला मरेको मान्छेलाई चढाइन्छ त्यसपछि सबैले खान्छन् । मृत्युसंस्कारमा क्रिया गर्ने जुन व्यक्ति हुन्छ त्यो व्यक्ति बाहेक अरु सबैले नुन खान दिने परम्परा चिडिमार जातिमा रहेको छ । मृत्यु संस्कारमा चिडिमार १० दिनसम्न 'जुठो' बार्ने चलन रहेको छ । जब दशदिन पुग्दछ । फेरी नातगोता इष्टमित्रलाई बोलाइन्छ । नातागोताका भाइ दाइ छोरा हरुले टाउको खुर्कने गर्दछन् । यिनिहरुले गाड्ने वा जलाउने दिनमा क्रिया बस्ने मान्छेको टाउको खुर्कने परम्परा यिनीहरुको रहेको छैन् ।

### ४.८.११ मुण्डन संस्कार

चिडिमार जातिले मुण्डन संस्कारलाई पनि आफ्नो जातिय संस्कारको रुपमा मनाउदै आएको देखिन्छ । मुण्डन सस्कार केटाकेटीको उमेर करिव ३ वर्ष पुगि सकेपछि गरिन्छ । यस संस्कारमा चिडिमारले नदिको छेउमा जाने र आफ्ना छोराछोरीको लामो आयुका लागि पूजाआजा गर्ने चलन छ । यस संस्कारमा छोराछोरीको केश मुण्डन गर्ने र केश मुण्डन गरिसकेपछि देवीदेवताको नाममा बोका काटी खानपिन गर्ने गाना बजाना गर्ने चलन छ । फुपु-दिदिबहिनीलाई वा चेलीबेटीलाई दान दक्षिणा दिने चलन छ ।

## ४.९ चाडपर्व

चिडिमार जाति पनि हिन्दु धर्मालम्बी भएका कारणले धर्म मान्ने मानिसहरुले जे-जे चाडपर्वहरु मनाउदछन् ति चाडहरु चिडिमार जातिहरुले मनाउने गर्दछन् । चिडिमार जातिले मनाउने चाडपर्वहरु निम्न रहेका छन् ।

### ४.९.१ अमावश्य

यो चाड चिडिमार जातिले बैशाख महिनामा मनाउने गर्दछन् । यस चाडमा चिडिमार जातिहरुले महादेव भगवानको पूजा गर्ने गर्दछन् । यस चाडमा चिडिमार जातिहरुले नदीको छेउमा मेला पर्वहरु लगाउने गर्दछन् । यस चाडमा चिडिमार जातिले चना र गहुँको पिठोबाट बनेको 'सेतुवा' भन्ने परिकार खाने गर्दछन् । यस चाडमा चिडिमार जातिले आफ्ना पुरोहितलाई बोलाएर दान दक्षिणा दिने गर्दछन् । बिभिन्न महादेवका मठमन्दिरमा गएर महादेव भगवानलाई मिठाई प्रसाद चढाउने पनि गरिन्छ ।

यदि मन्दिर नभए नजिक भएको नदिको छेउमा गएर पनि मिठाई प्रसाद चढाउने गरिन्छ। यस चाडमा पनि चिडिमारहरु गच्छे अनुसारका घरमा खानपिन गर्ने चलन छ।

### ४.९.२ भउरी

यो चाड चिडिमार जातिले असार पूर्णिमाका दिन मनाउने गर्दछन् । यस यस चाडमा चिडिमारहरुले  आफ्ना घरका पूखौउलीलाई पूजा गने चलन छ।  यस दिनमा आफ्ना पूर्खा को आत्मालाई शान्ति मिलोस भनेर चिडिमार जातिले नरसिंह भन्ने भगवानको पूजाआजा गर्ने गर्दछन् । यस दिन आफ्ना चेलीबेटीलाई बोलाएर खानपिन गराउने चलन छ। यस चाडमा एउटा सुँगुर ल्याएर नरसिंहलाई चढाइन्छ। त्यही सुँगुरलाई काटकुट गरि साझ रमाइलो गर्ने र खानपिन गर्ने चलन छ। एउटा के बिश्वास छ भने ( चिडिमार जातिमा) यदि नरसिंह भन्ने भगवानलाई सुँगुर ल्याएर नचढाएमा र पूजाआजा नगरेमा त्यस भगवानले आखा फेरिदिन्छ भन्ने बिश्वास रहेमको छ।

### ४.९.३ गुडिया

यो चाड चिडिमार जातिले साउन महिनाको नागपञ्चमीको दिनमा मनाउने गर्दछन् । यस दिनमा चिडिमार जातिले आफ्ना चेलीबेटी लत्ता, कपडा, अनाज लिएर उनीहरुको घरमा जान्छन् र उनीहरुलाई आफ्नो घरमा बोलाउने गर्दछन् । यस चाडमा एक बिशेष परिकार बनाइन्छ जसलाई उनीहरु 'घुघ्री' भन्दछन् । यो परिकार चनाको पिठोबाट बनाइन्छ। यस दिनमा चिडिमारहरु नागदेवतालाई दूध चढाएर पुजाबआजा गर्ने गर्दछन् । यस दिनमा चिडिमारहरु पिङ बनाउने र खुल्ने चलन छ। यस चाडमा पनि चिडिमार राम्रो खानेपिने गर्दछन् ।

### ४.९.४ रक्षावन्धन

यो चाडमा चिडिमार जातिले अन्य हिन्दुहरु जस्तै धार्मिक संस्कार गर्ने गर्दछन् । यस दिनमा चिडिमार जातिका चेलिबेटीहरुले आफ्ना दाईभाइहरुलाई रक्षाबन्धन बाध्ने गर्दछन् र आफूले ल्याएको मिठाइ आफ्नो दाज्यूभाइलाई दिने गर्दछन्। रक्षाबन्धन बाधेको सट्टामा दाज्यूभाइले  आफ्नो दिदिबहिनीहरुलाई दानदक्षिणा दिने गर्दछन्  । यस दिनमा दिदिबहिनीहरुले आफ्ना दाइभाइको लामो आयुको लागि सुखसमृद्धिका लागि भगवानसँग कामना गर्ने गर्दछन् । यो जातिमा अन्य हिन्दु जातिमा जस्तो 'जनइ' लगाउने चलन छैन । यो चाड भदौ महिनामा पर्दछ।

### ४.९.५ कृष्णाअस्टमी

यो चाड भदौ महिनामा पर्दछ । यस चाडमा चिडिमार जातिले श्रीकृष्ण पूजाआजा गर्ने गर्दछन् ।यस चाडको बेलामा चिडिमार समुदायले चन्दा उठाउने गर्दछन् । चन्दा उठाइसके पछि सयुक्त रुपमा सबै भेला भई श्रीकृष्ण भगवानको पूजाआजा गर्ने गर्दछन् । यस दिनमा चिडिमारहरुले श्रीकृष्ण भगवानको कृष्ण लिला देखाउने चलन छ । यस पर्वमा अन्य हिन्दुहरुको जस्तो यस जातिमा 'घैटो फोड्ने' परम्परा रहेमको छैन् ।

### ४.९.६ दशै

चिडिमार जातिहरुको दशै चाड मनाउने परम्परा अन्य हिन्दु जाति भन्दा फरक रहेको छ । यस पर्वमा चिडिमारहरु नवरात्रसम्म इच्छुक महिला र पुरुषहरु ब्रत बस्ने गर्दछन् । नबरात्रको बेलामा यस जातिले रामलिला देखाउने चलन छ । दशैको दिनमा रावणको पूत्ला बनाई रावण मार्ने चलन पनि यस जातिमा रहेको छ । यस जातिमा खास दशैको दिनमा टिका लगाउने चलन छैन र तर अभ्कल अन्य हिन्दु संगठनको सहकार्यले गर्दा यस जातिमा पनि टिका लगाउने चलन भित्रिदै गएको छ । दशैको बेला राम्रो लगाउने र मिठो खाने चलन रहेको छ ।

### ४.९.७ तिहार

तिहार पर्व खासगरी चिडिमारहरुले निम्न तरिकाले मनाउने गर्दछन् । धनतिरशमा चिडिमारहरु खास गरी धन जोड्ने काम गर्दछन् । यस दिनमा चिडिमारहरु बिशेष गरी सुनचाँदी, लत्ताकपडा, भाडाकुडा जोड्ने गर्दछन् । धन जोड्ने राति चिडिमारहरु राति दियो बाल्ने गर्दछन् । तिहारमा खासगरी भगवती लक्ष्मीका पूजाआजा गरिन्छ । भाइटिकाको दिनमा दिदिबहिनीहरुले दाजूभाइलाई टिकालगाई आफ्नो दाज्यूभाइलाई केही नहोस भनि भगवानसँग प्रार्थना गर्दछन् । ददिबहिनी यस दिनमा मिठाइको भूडको ,फलफुल, चिउरा लिएर दाइभाइको घरमा जान्छन् । दिदिबहिनीले टिका लगाए वापत दाइभाईले दिदिबहिनीलाई दान दक्षिणा दिने गर्दछन् । चिडिमार जातिमा नेपाली हिन्दुले जस्तो देउसीभैलो खेल्ने परम्परा  छैन । तर अभ्काल नेपाली हिन्दुसँगको नजिकताले नयाँ

पिढिका चिडिमार देउसीभैलो खेल्न गरेका छन् । चिडिमारहरु भाइटिकालाई भाइदुइज पनि भन्ने गर्दछन् । मिठो खाने राम्रो लगाउने चलन यस चाडमा पनि गरिन्छ ।

### ४.९.८ करवाचौथ

चिडिमारहरुले करवाचौथ कात्तिक महिनामा मनाउने गर्दछन् । करवाचौथमा दाजु वा भाइले एउटा माटोको भाडो किन्दछन् । त्यो भाडा र लत्ता, कपडा, चुरिया लिएर दाजुभाइ दिदिबहिनी कहा जाने प्रचलन छ । त्यो माटोको भाडोमा भाडोको आकार अनुसार चावल हाल्ने प्रचलन यो करवाचौथ रहेको छ । करवाचौथ दिनमा दिदिबहिनीहरु ब्रत बसेका हुन्छन् । तिनीहरुको घरको भित्तामा महादेब र गौराको चित्र कोरेका हुन्छन् । जव चन्द्रमा आकाशमा देखापर्दछ उनीहरुले महादेब र गौराको पूजाआजा गर्दछन् । माटोको भाडा लत्ताकपडा पैसा र चुरिया लिएर चेलिबेटीका यदि दाजु र भाइ छन् भने दाजुभाइ लिएर जान्छन् यदि दाजुभाइ छैनन् भने बुवाले माथिका सामान लिएर चेलिबेटीका लिएर जाने प्रचलन छ । यस दिनमा पनि साँझ दिदि वा बहिनीले चन्द्रमा उदाइसकेपछि महादेवको पूजाआजा गरिसकेपछि मिठो खाना खाने गर्दछन् ।

### ४.९.९ खिचडी

खिचडी चाड चिडिमारहरुले माघ महिनामा मनाउने गर्दछन् । यस दिनमा चिडिमारहरु नदीमा गएर नुहाउने गर्दछन् । यिनिहरु यस दिनमा आफ्नो बाहुन ((जसलाई यिनिहरु महाराज भन्दछन्) लाई बोलाउदछन् र दान दक्षिणा दिने गरिन्छ । त्यसदिन साझ खिचडी पकाएर खाने र यस दिनमा  दिदिबहिनीलाई बोलाई दान दक्षिणा दिने गरिन्छ ।

### ४.९.१० होली

चिडिमार जातिको होली सबभन्दा रमाइलो चाड हो । यस चाडलाई चिडिमार जातिले धुमधाम सँग मनाउने गर्दछन् । चिडिमार जातिले बसन्त पञ्चमीको दिनमा रेणुको बिरुवा लगेर होलिका सम्झेर गाड्ने चलन छ । जव होली पूर्णिमाको दिन आउछ चिडिमारहरु आफ्नो बस्तीको घरघरमा गएर कण्डा ‘गुइठा’ लकडी माग्दछन जसको घरमा लकडी वा गुइठा हुदैन उनीहरुसँग पैसा उठाइन्छ । साझ बेलामा उनीहरुको बाहुनले जम्मा गरेको लकडी र गुइठाको धुमलाई पूजाआजा गरेर आगो जलाउने गर्दछन् । त्यस

रात भरि चिडिमारहरु त्यही आगोको धूमलाई तापेर नाचगान गरि जाग्राम बस्दछन् । भोलिपल्ट बिहान महिलाहरु आगो बालेको ठाउमा गएर आगो बुझाउने गर्दछन् । उनीहरुले साथमा घिउ मिठाइ र पानी लिएर जान्छन् । साथै त्यस पछि उनीहरु मन्दिरमा गएर पूजाआजा गर्दछन् । उनीहरुले साथमा घिउ मिठाइ र पानि लिएर जान्छन् । साथै त्यस पछि उनीहरु मन्दिरमा गएर पूजाआजा गर्दछन् । त्यस दिन दिउसो सबै चिडिमारहरुसँग रगं खेली एक अर्कोसँग हार्दिकता साटासाट गर्दछन् । होलिको दिनमा चिडिमारहरु परम्परा अनुसार गाउको ठूलावडाका गएर नाचगान गर्ने गर्दछन् । यसरी नाचगान गरिसकेपछि नाचगान टोलिलाई ठूलावडाले पैसा दिने चलन छ । त्यस खास होलि खेलिसकेपछि नुहाइ धुवाइ गरि मिठो खाना खाने दारु 'रक्सी' पिउने बतासा मिठाई खाने चलन उनीहरुको  छ । त्यसैगरि होलि ठूलो चाड रहेकाले यस दिनमा चिडिमारहरु इष्टमित्र चेलिबेटीलाई बोलाएर खाना खुवाउने पनि गर्दछन् ।

### ४.९.११ कजरी(तिज)

चिडिमारहरु तिज पर्व पनि धूमधाम गरि मनाउदछन् । यस दिनमा चिडिमार जातिका महिलाहरु महादेव भगवानको पूजाआजा गर्ने गर्दछन् । बिहानबाट उनीहरु ब्रत बस्दछन् । उनीहरु ब्रतको बेलामा पानी समेत पिउदैनन् ।साझपख श्रीमान्‌को लामो आयू र स्वास्थ्यका लागि भगवान शिवको पूजाआजा गर्दछन् । नेपाली महिलाहरुले जस्तो चिडिमार जातिका महिलाहरुले तिजका गित गाउने चलन छैन तर उनीहरुको परम्परा अनुसारको कजरी (एक प्रकारको गित) गाउने गर्दछन् । खानपिन गर्ने, राम्रो लगाउने पनि गर्दछन् ।

### ४.९.१२ चैते दशै

चैते दशैमा चिडिमारहरु नबौ दिनसम्म ब्रत बस्ने गर्दछन् ।यस पर्वमा धेरैजसो महिला  र केही पुरुष ब्रत बस्ने गर्दछन् ।  नवमीको दिनमा बागेश्वरीमा मेला लाग्दछ । त्यस मेलामा गएर कसैले कथा वाचन गर्ने गर्दछन् । नवरात्रमा केश मुण्डन गर्ने पनि गर्दछन् । मेला हेर्न गएका महिला, पुरुष र केटाकेटीले बागेश्वरी मन्दिरमा प्रसादी ग्रहण

गर्दछन् । साझपख घरमा मिठो खानपिन गर्ने गर्दछन तर ब्रत बसेका महिला र पुरुषहरुले मासु खादैनन् ।

### ४.१० ब्रत

नेपालगंज नगरपालिका वडा नं. १६ मा बस्ने चिडिमार समुदाय महिला पुरुषहरुले आफ्नो परम्परा अनुसार ब्रत बस्ने पनि गरेको अध्ययनबाट थाहा पाइयो । ब्रत चिडिमारहरु खास शरीरमा आरोग्य प्राप्त होस् , सुख समृद्धि होस् र मनोकामना पुरा होस् भनेर लिने गर्दछन् ।  उनीहरुले निम्मखाले धार्मिक ब्रत बस्ने गरेको पाइयो ।

### ४.१०.१ एकादशी ब्रत

हरेक महिनाको एकादशीमा चिडिमारहरु एकादशी ब्रत बस्ने गर्दछन् । यस ब्रतमा धेरैजसो महिलाहरुले नै बस्ने गरेको पाइयो । बिहानै उठी नुहाइधुवाई गरी खाना नखाई सांझसम्म ब्रत बस्ने र बेलुका तुल्सीको पूजा गरि सकेपछि खाना खाने गर्दछन् ।

### ४.१०.२ हनुमान ब्रत

यो ब्रत चिडिमारहरु प्रत्येक महिनाको मंगलवार बस्ने गर्दछन् । यस ब्रतमा हनुमानको पूजाआजा गर्ने बिहानैबाट केही खाना नखाने बेलुका हनुमानको पूजाआजा गरिसकेपछि भजन किर्तन गरि खाना खाने चलन छ ।

### ४.१०.३ सोमवारे ब्रत

यो ब्रत चिडिमार समुदायका बिशेष महिलाले मात्र बस्ने गर्दछन् । यो ब्रत प्रत्येक सोमवारमा बस्ने गरिन्छ ।  बिहान नुहाइधुवाइ गरिसकेपछि बिहानै देखि साझसम्म केही नखाइ महिलाहरु बस्ने गर्दछन् । त्यो दिनको साझँपनि भगवानको पूजाआजा गरिन्छ तर महिलाहरु केहीपनि खादैनन् । भोलिपल्ट बिहान भगवानको पूजा गरिन्छ त्यसपछिमात्र खाना खाने गर्दछन् ।

### ४.१०.४ बिहिवारे ब्रत

यो ब्रत चिडिमारहरु प्रतेक हप्ताको बिहिवार बस्ने गर्दछन् । यस दिनमा बिशेष श्री बिष्णु भगवानको पूजा गरिन्छ ।

### ४.१०.५ शुक्रवारे ब्रत

यो ब्रत चिडिमारहरु प्रत्येक हप्ताको शुक्रवारमा बस्ने गर्दछन् । यस ब्रतमा सन्तोषी माको पूजाआजा गरिन्छ । यस दिनमा चिडिमारहरु अमिलो र पिरो बार्ने गर्दछन् ।

### ४.१०.६ आइतवारे ब्रत

यो ब्रत चिडिमारले बर्षभरिको एकपटक बस्ने गर्दछन् । यो ब्रत भदौ महिनामा पर्दछ । यो ब्रत जसको छोरा हुन्छ उसले मात्र बस्दछ । छोरी मात्र हुने हरुले यो ब्रत लिन पाउदैनन् । यस दिनमा पनि ब्रत बसी सकेपछि साझ ब्रत छोडिसकेपछि पूजाआजा गरिन्छ । यस दिनमा पनि ब्रत बसिसकेपछि साझ ब्रत छोडिसकेपछि पूजाआजा भइसकेपछि गुण ( भेली) हालेको भात वा खिर खाने चलन छ ।

## ४.११ चिडिमार जातिमा आएको सामाजिक र सास्कृतिक परिवर्तन

चिडिमार जाति तराईको सबैभन्दा पिछडिएको जाति हो । यो जाति आर्थिक,शैक्षिक, राजनैतिक रुपले पछि परेको छ । यस जातिका महिला र पुरुष बिभिन्न अन्धबिश्वास रुढीबादी सोचले अहिले पनि ग्रस्त भएको देखिन्छ । चिडिमार जातिका महिलाहरु अहिले पनि खुला रुपमा कुरा गर्न र बहस गर्न लज्जाउने गर्दछन् । यस जातिमा बालबालिकालाई स्कुल पठाउने चलन एकदम कम रहेको छ । तैपनि शहरको नजिकको बसाइ, बिभिन्न जातजातिको सम्पर्क र सम्बन्धबाट यिनिहरुको जिवनशैलि र परम्परामा परिवर्तन आएको देख्न सकिन्छ । चिडिमार जातिका परम्परागत शैलि र व्यबहारमा नया शैलि र व्यबहारले प्रभाब पारेको देखिन्छ । उनीहरु बर्तमान वातावरणिय परिबर्तन, नया प्रबिधि र सुचनाको परिबर्तन सँगै आफुलाई परिबर्तन गराउन बाध्य भएका देखिन्छन् ।

चिडिमार जातिका बिभिन्न सस्कार र सामाजिक जिवनमा आएका परिबर्तनलाई निम्न तरिकाले संक्षेपीकरण गर्न सकिन्छ ।

### ४.११.१ सामाजिक जिवन

चिडिमार जाति बिगतको इतिहास हेर्दा घुमन्ते प्रकृतिका थिए । उनीहरु घुम्दै चरा मादै आफ्नो जिबिका चलाउने गर्दथे । तर समय परिबर्तनको खेल सँगै जब नेपाल सरकारले चरा मार्ने कामलाई प्रतिबन्ध लगायो उनीहरु यो पेशा छोडेर अहिले समाजका अन्य काममा लाग्न बाध्य भएको देखिन्छ । उनीहरुको जिवनशैलीमा निकै परिवर्तन भएको देखिन्छ । उनीहरु अहिले रिक्सा चलाउने,मजबुरी गर्ने, अधिया लगाउने काम गर्दछन् । चिडिमार जाति बढ्दो आधुनिकरणको प्रभाव सँगै आफुलाई नया परिबेशमा ल्याउन बाध्य भएका छन् । उनीहरुको सामाजिक जिवनशै व्यबहारलाई नया प्रबिधिले गर्दा परिबर्तन गरेको छ ।

### ४.११.२ बैवाहिक सस्कार

चिडिमार जातिको बैवाहिक सस्कारमा अन्य जातिमा भन्दा भिन्दै प्रकारको छ । उनीहरुले बिवाहलाई पूर्ण गर्न बिभिन्न चरणपार गर्नुपर्ने हुन्छ । जस्तो कि बिवाहमा माइति पक्षले दुलही ल्याएर दुलाहाको घरमा आउने चलन चिडिमारहरुको परम्परागत चलन हो तर अझकाल अन्य नेपाली जातिको बैवाहिक सस्कारका कारणले गर्दा यिनीहरु पनि केटापक्षबाट केटीकहा जन्त जाने चलन भित्रिसकेको देखिन्छ । नेपालगंज नगरपालिका वडा.नं.१६ का धनी चिडियारहरुले अन्य जातिको जस्तो भोजभतेर खुवाउने चलन पनि भित्रिएको देखिन्छ । बैवाहिक सस्कारमा परम्परागत पोशाकको पहिरन पनि बिस्तारै घट्दै गएको कुरा अध्ययनबाट प्रस्ट हुन गएको छ । बिवाहमा धैरै खर्च गर्ने चलनको बिकाश भएको देखिन्छ । त्यसैगरी भाउज्यू बेहोर्ने बिवाहलाई नया पुस्ताले अगाल्न छोडेको देखिन्छ ।

### ४.११.३ जन्म सस्कार

चिडिमार जातिका जन्म सस्कारमा पनि केही परिवर्तन आइसकेको देखिन्छ । पुरानो परम्परा अनुसार जन्मसस्कारमा धेरै बिधि बिधान पुरा गर्नुपर्ने थियो । तर अभ्फकल यो सस्कारमा खाली सस्कार पुरा गर्ने औपचारिक बिधि पालना गर्ने गरेको देखिन्छ । यस सस्कारकमा पुराना मान्यता जस्तो छैटी खेलाउने धुमधाम रमाइलो गर्ने चलनमा कमी भएको कुरा अध्ययनबाट थाहा हुन पुगेको छ ।

### ४.११.४ मृत्यु सस्कार

चिडिमार जातिमा सबैभन्दा परिवर्तन भएको सस्कार मृत्यु सस्कार हो । यो जातिमा पुरानो चलन अनुसार मानिसको मृत्यु भइसकेपछि जलाउने चलन थियो तर यो जाति शहरको छेउछाउमा बसिरहेको काठ दुलर्भ , महङ्गो र अभाव भएकाले जलाउने कुराबाट लाशलाई यिनीहरुले गाड्ने चलनमा परिवर्तन गरेको देखिन्छ । तर अन्य मृत्यु सस्कारमा गरिने बिधिमा भने कुनै परिबर्तन भएको देखिदैन ।

### ४.११.५ चाडपर्व मनाउने तरिका

चिडिमार जातिको चाडपर्व मनाउने तरिकामा पनि केही परिबर्तन आएको देखिन्छ । पुरानो चलन अनुसार चाडपर्वमा बिधि बिधान लाई बढी जोड दिने चलन थियो भने बर्तमान अनुसार चाडपर्व मनाउदा बिधि बिधानका अलावा खर्च बढी गर्ने भोजभतेरमा बढी जोड दिने चलन बिकाश भएको देखिन्छ । चाडपर्व मनाउने चलनमा खर्च बढी गर्ने कुराले आर्थिक रुपमा कमजोर चिडिमारलाई यसको प्रभाब पर्न गएको देखिन्छ । यिनीहरु विवाह भोज भतेरमा आफ्नो आर्थिक हैषियत अनुसार खर्च गर्ने गर्दछन् ।

# अध्याय ५
# सारांश/उपसंहार
# निष्कर्ष/सुझाव

## ५.१ सांरश

नेपाल देश बिभिन्न जातजाति भाषाभाषीको संगम स्थल हो । बिभिन्न जातजातिहरुको एकता र मेलमिलापबाट नै नेपाली राष्ट्रियताको पहिचान निर्माण भएको छ । बिभिन्न जातिगत बिशेषता बाट नै राष्ट्रिय रुपमा नेपालीपन कायम भएको हो । सबै जातिहरुको सस्कृति नै राष्ट्रिय सस्कृति हो ।

नेपालको बसोबास गर्ने अनेक जातिहरुमा चिडिमार जाति पनि एक आफ्नै पहिचान बोकेको जाति हो । जसको आफ्नै भाषा ,धर्म र सस्कार प्रचलित छन् र आर्य वर्गका चिडिमार वर्ण काला भएपनि जिवनयापनका लागि कढोर परिश्रम गर्न तत्पर देखिन्छन् । अत्यन्त सरल स्वभावका यि जाति अति मिलनसार र मिजाशिला स्वभावका भएको जाति हो ।

बाँके जिल्लामा मात्र सिमित बसोवास रहेको चिडिमार जातिको उत्पति सम्बन्धि कुनै खोज र अनुसन्धान भएको देखिदैन । यो जाति कहिले कहाबाट आए कसरी नामाकरण भयो? थर कसरी निर्माण भयो भन्ने सम्बन्धमा एकिन हुन सकेको छैन । अनुमान मात्र गरिएको पाइन्छ । चिडिमार जातिले चरा मार्ने कामबाट चिडिमार हुन गएको कुरा यि जाति स्वीकार्दछन् । चिडिमार जातिका अगुवाहरुको अन्तरवार्ताबाट के प्रष्ट भयो भने कतिपय चिडिमारहरु यो जाति तराइ दलित हो भनेर स्वीकार्दछन भने केही चिडिमार यो दलित जाति हैन लापोन्मुख जाति हो भनेर स्वीकार्दछन् ।

नेपालगंज नगरपालिका बडा नं.१६ मा बस्ने चिडिमार जातिका बिभिन्न सस्कारहरु छन । उनीहरुले जन्म संस्कार पनि प्रमुख रुपमा मनाउने गर्दछन् । जन्म संस्कारमा ६ दिनमा छैटी मनाउने र २१ दिन सुत्केरी बार्ने चलन छ । त्यसैगरी चिडिमार जातिमा बिवाह संस्कारलाई पनि मगनी, लगन जुराउने, बिवाहको दिन र बिवाहको भोलिपल्ट भनेर

चार चरणमा मनाउने गर्दछन । मगनीको दिनमा चिडिमार जातिले आफ्नो संस्कार अनुसार केटी मगनी गर्ने गरिन्छ । त्यसैगरी लगन जुराउने दिनमा बिवाहको दिन तय गरिन्छ । त्यसैगरी चिडिमार जातिले बिवाहको दिन तय गरिसकेपछि धुमधाम गरिसकेपछि बिवाह संस्कार मनाइन्छ । चिडिमार जातिको नौलो पक्ष के लाग्यो भने बिवाहको दिनमा चिडिमार जातिका केटी पक्षका टोली लिएर केटी लिएर केटापक्षकहा आउने गर्दछन् । बिवाह संस्कार धुमधामसँग खानपिन गर्ने मदिरा सेवन गर्ने परम्परा चिडिमार जातिहरुको रहेको छ । बिवाह अगाडी केटी हेर्ने ,केटी खोज्नको लागि आफ्ना नजिकका नातेदार इष्टमित्रलाई लम्हीको रुपमा प्रयोग गर्ने चलन चिडिमार जातिमा छ ।

चिडिमार जातिको मृत्यु संस्कार अन्य जातिको भन्दा अलि भिन्न रहेको थियो तर अझ कलकाठको अभाबले गर्दा यस जातिकाले लासलाई गाड्ने परम्परालाई अगाल्दै आएका छन् । तर धनि चिडिमारहरुले अहिलेपनि काठ किनेर लासलाई जलाउने गर्दछन् । चिडिमार जातिमा किरिया बस्ने छोरा वा छोरा नभएपछि नजिकको जो किरिया बस्ने छोरा वा छोरा नभएपछि नजिकको जो किरिया बस्दछ उसले जुठोबाट उम्कीदा कपाल खौरने परम्परा रहेको छ । मृत्यु संस्कार पनि चिडिमारहरुले उम्कीदा ब्राह्मण बोलाइ मृत्यु संस्कार का बिधिहरु गर्ने गर्दछन् । चिडिमार जातिमा किरियामा बस्ने व्यक्ति बाहेक अरुले नुन खाने गर्दछन् ।

चिडिमार जातिको अर्को प्रमुख संस्कार मण्डन संस्कार पनि एक हो । यस संस्कारमा चिडिमारहरु नदीको छेउमा गइ नदीको पूजाआजा गरी बालबालिकाको केश मुण्डन गर्ने परम्परा छ । केश मुण्डन गरिसकेपछि देवी देबताको नाममा बोका काटी खानपिन गर्ने परम्परा रहेको छ ।

चिडिमार जातिका बिभिन्न चाडपर्व पनि छन् । प्रमुख चाडपर्वहरुमा होली, दशै, दिपावली,करवाचौथ, खिचडी,अमावश्य ,कजरी, कृष्णाअष्टमी, चैते दशै, गुडिया रक्षाबन्धन आदि हुन् । चिडिमार जातिले माथि उल्लेखित चाडहरु धुमधामसँग मनाउने गर्दबछन् । होली चिडिमार जातिको प्रमुख चाड हो । यस चाडमा उनीहरु चन्दा संकलन गर्ने, लकरी, गुइठा जम्मा गर्ने साझतिर बाहुन बोलाइ त्यसमा आगो लगाउने रातभरी उक्त आगो

तापी नाचगान गर्ने र रातभरी जग्राम बस्दछन् । यस चाडमा खासगरी चिडिमारहरु ठुला बडाकहा गई नाचगान गर्ने गर्दछन् । भोलिपल्ट बिहानैबाट होलीमा रङ्ग खेल्ने एक अर्कामा हार्दिकता साटासाट गर्ने गर्दछन् । त्यसैगरी अमाश्य चाडमा चिडिमारहरु महादेब भगवानको पूजा गर्ने गर्दछन् । महादेव भगवानको पूजा गर्ने गर्दछन् । यिनीहरु यस चाडमा 'सेतुवा' नाम गरेको एक चनाबाट बनाइएको परिकार खाने गर्दछन् । चिडिमारहरु त्यसैगरी 'भउरी' भन्ने चाड पनि मनाउने गर्दछन् र यस चाडमा आफ्ना पूर्खौउलीको सम्झना गर्दै पूजाआजा गर्ने चलन छ । यस चाडमा चेलीबेटीहरुलाई बोलाइ खानपिन गराउने चलन छ ।

चिडिमारहरुको अर्को चाडपर्वमा गुडिया पर्व पनि एक हो । यस पर्वमा चिडिमारहरु नागदेवतालाई दूध चढाएर पूजाआजा गर्ने गर्दछन् । यस चाडमा चनाको पिठोबाट बनाइएको एक प्रकारको परिकार 'घुघ्री' भन्ने बनाइन्छ ।

चिडिमारहरुको अर्को चाड रक्षाबन्धन पनि एक हो रक्षाबन्धन पनि हो । रक्षाबन्धन पनि हो । रक्षाबन्धनमा दिदिबहिनीहरु आफ्नो माइतमा गई दाई वा भाइहरुलाई रक्षाबन्धन बाध्ने चलन छ । रक्षाबन्धन बाधेको सट्टा दिदिबहिनीहरुलाई दानदक्षिणा दिने चलन छ । त्यसैगरी दिदिबहिनीहरुले पनि भाइहरुलाइ मिठाइ खुवाउने चलन छ ।

चिडिमार जातिले मनाउने अर्को चाड कृष्णाअष्टमी पनि हो । यस चाडमा उनीहरुले कृष्ण भगवानको पूजाआजा गर्ने गर्दछन् । यस पर्वमा चिडिमारहरुले कृष्ण लिला देखाउने चलन पनि छ ।

चिडिमार जातिको दशै अन्य हिन्दु जाति भन्दा फरक रहेको छ । यस चाडमा इच्छुक चिडिमार महिला, पुरुषहरु नबरात्रसम्म ब्रत बस्ने गर्दछन् । नबरात्रको बेलामा यस जातिले रामलिला देखाउने गर्दछन् । रावणको पूत्ला बनाई रावण मार्ने चलन पनि रहेको छ ।

त्यसैगरी चिडिमारहरुले तिहार मनाउने गर्दछन् । तिहारमा चिडिमारहरु देवी लक्ष्मीको पूजाआजा गर्ने गर्दछन् । धनतिरशमा धन जोड्नुपर्दछ भन्ने मान्यता भएकाले यिनीहरु यस दिनमा भाडा लत्ताकपडा सुनचाँदी खरिद गर्ने गर्दछन् । तिहारमा दिदिबहिनीहरुले दाज्यूभाइहरुलाई टिका लगाउने दाज्यूभाइहरुले दिदिबहिनीहरुलाई दानदक्षिणा दिने गर्दछन । चिडिमार जातिमा अन्य हिन्दु जातिले जस्तो देउसीभैलो खेल्ने चलन छैन ।

करवाचौथ चिडिमार जातिले एउटा अर्को चाड हो । यस चाडलाई चिडिमारहरुले बिशेष चाडका रुपमा मनाउने गर्दछन् । यस चाडमा चिडिमार जातिका महिलाहरुले ब्रत बस्ने गर्दछन् । दाजुभाइहरु भाडा, लत्ताकपडा, चुरिया लगेर दिदिबहिनी कहा जाने गर्दछन् । दिदिबहिनीहरुले घरको भित्तामा महादेब र गौराको चित्र कोरेका हुन्छन् । जव चन्द्रमा, आकाशमा देखापर्दछ महादेब र गौराको पूजाआजा गर्दछन् । पूजाआजापछि खानपिन गर्ने चलन छ ।

खिचडी चिडिमार जातिले मनाउने अर्को चाड हो । यसमा चिडिमारहरु नदीमा गएर नुहाउने गर्दछन् । यस दिनमा चिडिमारहरु आफ्नो जातिका बाहुनलाई बोलाएर दान दक्षिणा दिने गर्दछन् । साझपख खिचडी पकाएर खाने चलन पनि छ । दिदिबहिनीलाई बोलाई दान दक्षिणा दिने चलन पनि छ ।

कजरी (तिज) पनि चिडिमारहरु मनाउने गर्दछन् । कजरीमा चिडिमार महिलाहरु महादेव भगवानको पूजाआजा गर्दछन् । उनीहरु पानी समेत नखाई श्रीमान्को लामो आयूका लागि ब्रत बस्ने गर्दछन् ।कजरीमा कजरी गित पनि गाउने गर्दछन् ।

त्यसैगरी चिडिमारहरुले चैते दशै मनाउने गर्दछन् । चिडिमारहरु नबौ दिनसम्म ब्रत बस्ने गर्दछन् । नवमीको दिनमा बागेश्वरीमा मेला लाग्ने गर्दछ । धेरै जसो चिडिमार मेलामा गई कथा वाचन गर्ने गर्दछन् । साझपख मिठो खाने गर्दछन । यस दिनमा ब्रत बसेका महिला र पुरुषले माछामासू खादैनन् ।

चिडिमार जातिमा बिभिन्न ब्रत बस्ने चलन पनि छ । उनीहरु एकादशी ब्रत,सोमबार ब्रत, मंगलबारे ब्रत, हनुमानको ब्रत, आइतबारे ब्रत बस्ने गर्दछन् । यि ब्रतहरुमा चिडिमारहरु निराहार बसी बिभिन्न भगवान र भगवतिको पूजाआजा गर्ने गर्दछन् । चिडिमार जातिका माथि उल्लेखित संस्कार पर्वहरु बाहेक उनीहरुले अतिथि संस्कार आफुभन्दा ठूलालाई आदर गर्ने,छिमेकमा कुनै पनि काममा सहयोग दिन पऱ्यो भने सहयोग दिने सस्कारहरु रहेका छन् ।

## ५.२ उपसंहार

चिडिमार जातिका आफ्नै मौलिक परम्परागत मूल्य मान्यता र प्रचलनहरु छन् । सस्कृतिका धनि चिडिमारहरु अत्यन्तै सरल इमान्दर र कर्मठशिल जाति हुन् । परम्परागत रुपमा चिडिमार जातिहरुले बिभिन्न संस्कार चाडपर्वहरु र ब्रतहरु अवलम्बन गदै आएका छन् । चिडिमार जातिमा जन्मसंस्कारमा छैटी खेली धेरै रमाइलो गर्ने त्यस्तै बिवाहसंस्कारमा धेरै समय खर्च गरि धन र सम्पतिको खर्च गर्ने प्र्चलन बढेको देखिन्छ । बिवाह गर्दा कुलधरान बंशपरम्परा जस्ता पक्षलाई महत्व साथ हेरेको पाइन्छ । चिडिमार जातिमा भाउज्यू बेहोर्ने बिवाह बिस्तारै घट्दै गएको भेटीन्छ भने नया पुश्तामा भने प्रेम बिवाह वा भागेर गर्ने बिवाह बढ्दै गएको देखिन्छ । चिडिमार जातिमा बिधवा वा पूर्नबिवाह गर्ने प्रचलन पनि छ जसलाई चिडिमार जातिले आत्मसाथ गदै आएको छ ।

त्यसैगरि मृत्युसंस्कारमा पहिल्यै देखि चलिआएको जलाउने परम्परा अहिले आएर घट्दै गएको देखिन्छ यसको सट्टामा चिडिमारहरुले मान्छेको लासलाई जाड्ने परम्परालाई अगाल्दै आएका देखिन्छ । धनि चिडिमार जाति मानिसहरुले अहिले पनि काठ किनेर जलाउने गरेका पनि छन् । त्यसैगरी चिडिमार जातिमा मुण्डन संस्कारमा केटाकेटीको कपाल धार्मिक बिधि अनुसार मुण्डन गर्ने परम्परा चलिआएको छ । यि प्रमुख संस्कारहरु जस्तो जन्म संस्कार, बिवाह संस्कार,मृत्यु संस्कार र मुण्डनसंस्कारलाई व्यक्तिको आर्थिक क्षमता छ त्यही अनुसारको धन खर्च गर्ने चलन छ ।

त्यसैगरि चिडिमार जातिमा मनाइदै आएका चाडपर्वको पनि त्यतिकै महत्व रहेको छ । बिभिन्न चाडपर्वलाई उनीहरुको बिशेष महत्वसाथ मनाउदै आएका छन् । चाडपर्व गरिने खर्च पनि प्रत्येक चिडिमार जातिको आफ्नो आर्थिक हैसियतमा भर पर्दछ । तर बिशेष पक्ष के छ भने चिडिमार जातिले प्रत्येक चाडपर्वको धार्मिक उद्देश्यलाई ख्याल गरेको देखिन्छ ।

बद्लिदो सामाजिक परिवेश वाहिरी समाज र व्यक्तिकोहरुसँगको सम्पूर्ण बसाइसराइ व्यक्तिगत स्वतन्त्रता आधुनिकिरण तथा सहरीकरणको प्रभावका कारण चिडिमारमा जातिको बिभिन्न संस्कार चाडपर्वमा अवलम्बन गर्ने परम्परामा परिवर्तन आउन थालेको देखिन्छ ।

चिडिमार समाजमा बिभिन्न संस्कार चाडपर्वलाई मनाउदा लाग्ने खर्चमा कमी ल्याउने प्रयास गर्नुपर्दछ । बिभिन्न संस्कार सम्बन्धि आधुनिक धारणाको बिकाश गर्नुपर्दछ । चिडिमार जातिको हरेक संस्कार, चाडपर्वमा आफ्नै जातिलाई मात्र समावेश गराउने परम्परालाई परिवर्तन गर्नु पर्दछ । बिवाह गर्दा लाग्ने लामो समयलाई र अनावश्यक खर्चलाई नियन्त्रण गर्नुपर्दछ । भोजभतेर, जाडरक्सी पावरपात आदि जस्ता पक्षलाई मिल्छ भने सकभर कमी गर्दै लैजानुपर्दछ । विभिन्न संस्कारमा परम्परागत रुपमा चलिआएका झंझटिला कुरालाई परिवर्तन गर्नुपर्दछ । जस्तो बिवाह पक्षमा धेरैचोटी खर्च गर्ने परम्परा छ । त्यसलाई कटौती गर्दै लैजानुपर्दछ । शिक्षा जस्तो कुरा धेरै महत्वपुर्ण भएकाले चिडिमार जाति एकदम अशिक्षित भएकाले यसको बिकाश बिस्तार गर्दै लैजानुपर्दछ । चिडिमार समाजमा सरसफाई जस्ता कुरालाई महत्व वा ध्यान नदिएकाले सरसफाई लाई प्रमुख ध्यान दिनुपर्दछ । चिडिमार जातिको आर्थिक हैसियत बृद्धि गर्न बिभिन्न आयमूलक सीप र र्सिजनाको बिकाश गर्दै लैजानुपर्दछ । अर्कोतिर परम्परा देखि मान्दै आएका प्रचलित र आवश्यक कुरालाई भावी पिढी सम्म पनि संरक्षित गरिराख्नु आजको आवश्यकता पनि हो ।

## ५.३ निष्कर्ष

नेपाल एक बहुजातिय, बहुधार्मिक एवं बहुसंस्कृति भएको मूलक हो । यहाँ विभिन्न जातजातिहरुका आ-आफ्नै मूल्य मान्यताहरु रहेका छन । यहि विविधता भित्र आफ्नो संस्कृतिको सुगन्ध छर्ने तराईको जाति हो चिडिमार जाति । नेपालभरिमा बाँके जिल्लामा मात्र छरिएर रहेको यो जाति सामाजिक रुपले शैक्षिक रुपले र आर्थिक रुपले पिछिडिएको जाति हो ।

जातिय रुपमा हेर्दा चिडिमार जाति आर्य हिन्दु जातिको रुपमा रहेको र हिन्दु धर्म मान्ने भएकोले अरु हिन्दु जाति सरह भएको पाइन्छ । यिनीहरुको सामाजिक संस्कारहरुमा आर्य हिन्दु धर्मालम्बी कै रुपमा रहेको छ । चिडिमार जातिको आर्थिक अवस्था एकदम कमजोर रहेको छ । यिनीहरुको आफ्नै खेतबारी नभएको हुनाले यिनीहरु अर्काको खेतमा अधिया खेती लगाउने गर्दछन । आफ्नो दैनिक गुजारा चलाउन यिनीहरु अर्काको घरमा मजदुरी गर्ने गर्दछन । कसै-कसैले रिक्सा चलाउने, केही सिमित चिडिमार करकार्यालयमा कार्यालय सहायकको काम गर्दछन ।

शिक्षाको हिसाबले पनि यो पिछिडिएको जातिको रुपमा पाइएको छ । छोरालाई स्कुल पठाउने तर प्राथमिक शिक्षा पार गरिसकेपछि माथिल्लो कक्षामा पढाउन नसक्ने अवस्था यिनीहरुको रहेको छ । छोरीहरुलाई घरको काममा लगाउने स्कुल नपठाउने चलन अहिले पनि यो समाजमा रही आएको छ । केही गैरसरकारी संस्थाले चेतनामूलक कार्य यस टोलमा गरिरहेकाले छोरीलाई आजकल स्कुल पठाउन लागेको देखिन्छ ।

चिडिमार जातिमा सामाजिक एवं सांस्कृतिक परिवर्तनको वावजुद पनि केही सामाजिक विश्वास र परम्परा पुरातन नै भएको पाइयो । यि जातिहरुमा झाक्री बसाल्ने भूतप्रेतमा विश्वास गर्ने चलन अहिले पनि कायम रहेको पाइयो । यि जातिका नयाँ पिढीका यूवाले भने रुढीवादी परम्परा र चलनलाई छोडदै गरेको पाइन्छ । विभिन्न सामाजिक संस्कार मनाउने बेला चिडिमार जातिले आर्थिक बढी खर्च गर्ने चलन बढीरहेको देखिन्छ ।

चिडिमार जाति सहरको छेउछाउमा बसोबास गर्दै आइरहेको हुनाले यिनीहरुको अन्य जातिसँगको अर्न्तक्रियाका कारण यिनीहरुमा सामाजिक तथा सांस्कृतिक परिवर्तन आइरहेको देखिन्छ । जसले गर्दा यिनीहरुको आफ्नो मौलिक परम्परामा केही ह्रास आइरहेको देखिन्छ । यो जाति सम्पूर्ण पक्षबाट पछि परेको हुनाले यस जातिलाई माथी उचाल्न राज्यबाट उचित कदम चाल्ने देखिन्छ ।

## ५.४ सुझावहरु

बहुसंस्कृतिको धनि देश नेपाल सबै जातजातिहरुको साझा फूलबारी हो । यि जातिका सामाजिक तथा सांस्कृतिक विविधताले यो देशको खास पहिचान गराउदछ । यिनै विभिन्न जाति तथा जनजातिहरु मध्ये चिडिमार जाति पनि एक हो । चिडिमार जाति तराई क्षेत्रमा बसोबास गरेर बसेको एक उत्पिडित र उपेक्षित जाति हो । यो जाति शहरी क्षेत्रको वासपासमा बसेतापनि हरेक क्षेत्रमा पछि परेको छ । यस जातिलाई सामाजिक, सांस्कृतिक तथा आर्थिक उन्नति गर्नका लागि तल तपशिलमा उल्लेखित बुद्धाहरुलाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

१) चिडिमार जाति शिक्षाको क्षेत्रमा एकदम पछि परेकाले यस जातिलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्नको लागि विशेष छात्रवृति कार्यक्रम संचालन गरेर शिक्षा तर्फ आकर्षित गर्नुपर्ने देखिन्छ ।
२) सरकारी रोजगारीको क्षेत्रमा उपस्थिति एकदमै न्युन रहेको छ । त्यसैले राष्ट्रिय मूल प्रवाहमा यो जातिलाई समाहित गर्न प्रयाप्त रोजगारीका अवसर प्रदान गर्नुपर्ने देखिन्छ ।
३) चिडिमार जातिको आफ्नो स्वामित्वमा जमिन ज्यादै कम भएको र अर्काको जमिनमा अधिया लगाई जिवन निर्वाह गरिरहेको हुनाले राज्यले यि जातिलाई उचित भूमिको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

४) यस जाति देशको निजामति र शिक्षा सेवामा अहिले प्रवेश गर्न नसकेको हुनाले यस जातिका शिक्षित युवालाई विशेष आरक्षण गरि माथि उल्लेखित क्षेत्रमा प्रवेश गराउन विशेष सहुलियत प्रदान गर्नुपर्ने देखिन्छ ।

५) चिडिमार जातिलाई समाजिक तथा आर्थिक रुपले प्रोत्साहन गर्दै उनीहरुको जातिय पेशाको उचित कदर गर्दै राष्ट्रको हरेक पक्षमा संलग्न गराइनपर्ने देखिन्छ ।

६) चिडिमार जातिलाई आर्थिक रुपले माथि उठाउन विभिन्न व्यवसायीक तालिम दिई राज्यले निव्यार्जे रुपमा व्यवसाय संचालन गर्न ऋण उपलब्ध गराउनुपर्ने देखिन्छ ।

७) चिडिमार जातिलाई राज्यको मूल प्रवाहमा समाहित गर्नका लागि थप निम्नलिखित रणनिति अपनाउनु पर्ने देखिन्छ ।

(क) समुह गठन गरि संगठीत हुने अवसर सिर्जना

(ख) सशक्तिकरण अभियान

(ग) वैदेशिक रोजगारमा समावेश

(घ) न्यायिक समानता

(ङ) व्यवसायिक निशूल्क शिक्षा प्रदान

(च) राज्य तथा विभिन्न संघ संस्थाबाट व्यवसाय संचालन तथा आयमूलक कार्य संचालनमा जोड दिनुपर्ने ।

(ज) तालिम गोष्ठी तथा सेमिनारबाट क्षमता अभिबृद्धि गरिनुपर्ने ।

यसरी नेपालमा रहेका विभिन्न जातिहरुको उत्थानका निम्ति विभिन्न स्वदेशी तथा विदेशी विद्धान, समाजशास्त्री, मानवशास्त्रीहरुले गरेको अनुसन्धान र सुझाव त्यसैगरि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले गरेको अनुसन्धान र सुझावहरुको साथै यिनीहरुले संचालन गरेको कार्यक्रमहरुको समयसमयमा सम्बन्धित निकायले ठोस कार्यक्रम संचालनमा ल्याउन सके समाजमा रहेका पिडित उतपिडित, उपेक्षित वर्ग अन्य बिकशित जाति सरह जिविका निर्वाह गर्न र राष्ट्र निर्माणमा समाहित हुन सक्छन भन्ने कुरामा कसैको दुइमत नहोला ।

# परिशिष्ट एक

## सन्दर्भ सामाग्री

अर्याल भोजेन्द्र(२०६२) नेपाली समाज र सस्कृतिको बिश्लेषण ज्ञानकुञ्ज प्रकाशन काठमाडौ

खत्री प्रेमकुमार(२०५०) नेपाली समाज र संस्कृति काठमाण्डौ साझा प्रकाशन

गौतम टिकाराम २०५८ सामाजिक अनुसन्धान पद्दति बिद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाडौ

बागेश्वरी सञ्चार स्रोत बेलासपुर वडा नं. १६

जिल्ला तथ्याङ्क शाखा २०५८ बाँके

नेपाल मानब बिकाश प्रतिवेदन २००४ युएन डिपी

बाँके जिल्लाको पाश्वचित्र जिल्ला विकास समिति बाँके सूचना तथा अभिलेख केन्द

बिष्ट डोर बहादुर (२०५५) सबै जातको फुलवारी साझा प्रकाशन काठमाडौ

बिष्ट डोर बहादुर (१९७६) पिपल अफ नेपाल ,नेपाल सरकार सूचना तथा सञ्चार बिभाग

भूसाल कृष्णप्रसाद

मोनलार अगस्ट (१९८१) इकोनोमिक स्टाटटेजी एण्ड इकोनोमिकल कन्सटेन्ट

सूचना अनुसन्धान तथा प्रकाशन इकाई (२०६१/२०६२) जिल्ला बिकाश समिति बाँके

२०६२ मगर जातिको बिवाह सस्कार शोधपत्र

Blaikie, Piers, Cameron Johan and Seddon

Caplan AP (1972) Priest and Cobblers A Study of Social change in

Caplan Lionel(1970) Land and Social change in East Nepal Routledge and Kegan Poul London.

gurung Ganeshman The Chepangs A study in continuity and change CANS TV

Hindu village of western Nepal London inter text book.

Hitchcock Johes T(1766) The Magars of Banyan Hill Holt Rinehot and winston newyork.

Nepal in Crisis Growth and Stagnation at Peripheri Delhi Oxford University press Delhi

Sheri Bortner (1978) Sherpa through their rituals Cambridge University Press.

# परिशिष्ट दुई
## प्रश्नावली

**१) व्यक्तिगत विवरण**

व्यक्तिको नाम :-

उमेर :-

लिङ्ग :- (क) पुरुष (ख) महिला

जात :-

ठेगाना वडा नं. :- गाँउ :-

**२) पारिवारिक विवरण**

| क.स. | नाम | नाम( घरमूलीको) | लिङ्ग | उमेर | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

**(३) ठिक उत्तरमा रेजा(✓) लगाउनुहोस ।**

(१) घर

(क) आफ्नै (ख) भाडामा

(२) घरको प्रकार

(क) पक्की (ख) खरले छाएको (ग) टाएलले छाएको

(३) घरको कति तला छन ?

(क) एक (ख) दुई (ग) तिन

(४) शिक्षाको स्तर

(क) साक्षर (ख) असाक्षर

(५) पारिवारको ढाँचा

(क) एकल परिवार (ख) संयुक्त (ग) बृहत

(६) परिवारको आकार

(क) ५ जना सहितको (ख) ५ देखि १० जना सहितको (ग) १५ जनाको

(७) बैवाहिक स्थिति

(क) विवाहित (ख) अविवाहित (ग) सम्बन्ध विच्छेद (घ) अन्य

(८) तँपाईको बच्चा स्कुल जान्छ ?

(क) जान्छ (ख) जादैन

(९) तँपाई किन बच्चालाई स्कुल पठाउनुहुन्छ ?

(क) भविष्यमा राम्रो बनाउन (ख) साक्षर बनाउन (ग) देशलाई अघि बढाउन

(१०) के तँपाई कुनै सदस्य अनौपचारिक शिक्षामा सहभागि भएको छ ?

(क) छ (ख) छैन

(११) मूख्य पेशा के छ ?

(क) जागिर (ख) कृषि (ग) व्यापार (घ) अन्य

(१२) के ज्याला महिला र पुरुषको बराबर छ ?

(क) छ (ख) छैन

(१३) परिवारको कति जग्गा रहेको छ ?

(क) १० कट्ठा (ख) एक विघाहा (ग) छैन (घ) १ कट्ठा

(१४) तँपाईले पशुपालन गर्नुहुन्छ कि हुदैन ?

(क) गर्छु (ख) गर्दैन

**विषयगत प्रश्नहरु**

(१५) तँपाईको जातिमा के-के संस्कारहरु छन ?

...........................................................................................................

........

(१६) तँपाईको विवाह संस्कारमा के-के विधि पालन गरिन्छ ?

...........................................................................................................

.........

(१७) तँपाईको विवाहमा मगनी कसरी गरिन्छ ?

...........................................................................................................

..........

(१८) तँपाईको मुण्डन संस्कारमा के-के गरिन्छ ?

...........................................................................................................

..........

(१९) तँपाईको मुण्डन संस्कारमा कुन भगवानको पूजा गरिन्छ ?

...........................................................................................................

..........

(२०) मृत्यु संस्कार कसरी गरिन्छ ?

...........................................................................................................

...........

(२१) मृत्यु संस्कारमा क्रिया गर्ने प्रक्रिया कस्तो छ ?

...........................................................................................................

..........

(२२) चिडिमार जातिमा जन्म संस्कार कसरी मनाइन्छ ?

...........................................................................................................

.........

(२३) चिडिमार जातिमा जन्मसंस्कारमा छैटी मनाइन्छ कि मनाइदैन ?

...........................................................................................................

.........

(२४) चिडिमार जातिले कुन धर्म मान्दछ ?

……………………………………………………………………………………………

………

(२५) चिडिमार जातिले कुन-कुन चाडपर्वहरु मनाउदछन ?

……………………………………………………………………………………………

………

(२६) चिडिमार जातिको सबभन्दा ठूलो चाड के हो ?

……………………………………………………………………………………………

……..

(२७) चिडिमार जातिको अथिति सत्कार कसरी गरिन्छ ?

……………………………………………………………………………………………

…….

(२८) तँपाईको परिवारमा कतिजना पढेका छन ?

……………………………………………………………………………………………

…….

(२९) दशै चाड कसरी मनाइन्छ ?

……………………………………………………………………………………………

…….

# परिशिष्ट तिन



चिडिमार जातिको जन्मसस्कार मनाउदै गरेको एक झलक



चिडिमार जातीमा बिवाह सस्कारका लागि सजिएका दुलाहा दुलहि

## परिशिष्ट चार



चिडिमार जातीमा लास दफन गर्न लगिदै गरेको



चिडिमार जातीको खपराले छाएको घर

## परिशिष्ट पाँच



चिडिमार जातीमा स्कुल जाँदै गरेको बालक



चिडिमार जातिका महिला समुहमा छलफल गर्दै